जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक २५३ • २०८० साल माघ २६ गते शुक्रबार (9 Feburary, Friday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

# आलोपालोको सहमति कार्यान्वयनमा जोड
## मधेशमा विश्वासको मत दिने

टुडे समाचारदाता

काठमाण्डु । सत्तारुढ गठबन्धन दलका नेताहरुले सातवटै प्रदेशमा सरकार फेर्ने संकेत दिएका छन् । गठबन्धन दलका शीर्ष नेताहरुको बिहीबार प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बसेको बैठकमा आलोपालोको सहमतिलाई कार्यान्वयन गर्न नेताहरुले जोड दिएका छन् ।

हाल सात प्रदेश मध्ये नेपाली कांग्रेसको ४ वटा प्रदेश, नेकपा माओवादी केन्द्रको २ वटा प्रदेश र जनता समाजवादी पार्टी नेपालको एउटा प्रदेशमा नेतृत्व रहेको छ ।

मधेश प्रदेशमा सरकारले विश्वासको मत लिने विषयमा केन्द्रित गठबन्धनको बैठकमा नेताहरुले सरकारको नेतृत्व फेरिनुपर्ने माग गरेको स्रोतले जनाएका छन् । स्रोतका अनुसार आलोपालोको सहमति अनुसार सरकारको नेतृत्व फेरिनुपर्ने तर्क नेताहरुले गरेका थिए ।

प्रधानमन्त्री समेत रहेका माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल'प्रचण्ड', नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल , लोसपा नेपालका अध्यक्ष महन्थ ठाकुर, मन्त्री शरतसिंह भण्डारी, जनमुक्ति पार्टीकी नेतृ एवं भूमि व्यवस्था मन्त्री रञ्जिता श्रेष्ठलगायत गठबन्धनमा रहेका दलका नेताहरुको सहभागिता रहेको थियो । बैठकमा जनमत पार्टी भने सहभागि थिएनन् ।



'मधेश प्रदेशका नेताहरुले सरकारको नेतृत्व परिवर्तनको माग गरेका थिए' बैठकमा सहभागी एकजना नेताले भने, तर प्रधानमन्त्री प्रचण्डले सबै प्रदेशको नेतृत्व परिवर्तन एकै पटक प्याकेजमा गर्ने जवाफ दिएका थिए ।

सरकारको नेतृत्व परिवर्तन गर्दा कांग्रेस र माओवादीलाई नेता चयन गर्न धेरै समस्या नपर्न सक्छ । तर जसपालगायतका मधेश केन्द्रित दलहरुलाई मधेश प्रदेश बाहेकको प्रदेशमा सरकार बनाउन सभासद नै छैनन् । मधेश प्रदेशमा कांग्रेस र माओवादीले पनि दावी गरेका छन् । मधेशमा माओवादी अथवा कांग्रेसले सरकारको नेतृत्व पाए जसपाको नेतृत्व कुनै प्रदेशमा रहने छैन ।

स्रोतका अनुसार बैठकमा जसपाका अध्यक्ष उपेन्द्र यादव अनुपस्थित रहेकाले बिभिन्न विषयहरुमाथि छलफल भएपनि कुनै निर्णय भने हुन सकेन ।

जसपा अध्यक्ष यादव बुधवारदेखि मधेश प्रदेशमा रहेकाले बैठकमा अनुपस्थित रहेको बताइएको छ ।

गठबन्धनको बैठकमा कांग्रेसका संसदीय दलका नेता कृष्णप्रसाद यादवले मुख्यमन्त्री र अर्थमन्त्रीप्रति आक्रोश व्यक्त गरेका थिए । स्वतन्त्ररुपमा काम गर्न नदिएको जनाउँदै नेता यादवले अप्रत्यक्ष रुपमा सरकारको नेतृत्व परिवर्तन गर्ने धारणा राखे ।

बैठकमा माओवादी केन्द्र संसदीय दलका नेता भरतप्रसाद साहले मुख्यमन्त्री सरोजकुमार यादवलाई राजीनामा दिएर मार्ग प्रशस्त गर्न आग्रह गरेको स्रोतले जनाएका छन् । सरकारले जनअपेक्षा अनुरुप काम गर्न नसकेको आरोप उनले लगाएको स्रोतले जनाए ।

तर नेकपा एसका संसदीय दलका नेता गोविन्द बहादुर न्यौपानेले वर्तमान सरकारलाई नै निरन्तरता दिनुपर्ने बताउँदै बजेट ल्याएको सरकारलाई बजेट चलाउन दिनुपर्नेमा जोड दिएका थिए । लोसपाकी प्रदेशसभा सदस्य रानी शर्माले पनि सरकारप्रति असन्तुष्टि जनाइन् ।

मुख्यमन्त्री यादवले गठबन्धन दलको बैठक बस्न केही ढिलो भए पनि आफ्नो कार्यालयमा बजेट नराखिएको र सबै मन्त्रीलाई काम गर्ने पूर्ण स्वायतता दिएको बताएको एकजना सहभागिले जनाए ।

गठबन्धनको सहमति बेगर कुनै काम नगरेको र सबै निर्णय मन्त्रिपरिषद्बाट नै भएको मुख्यमन्त्रीले दावी गरेको स्रोतले जनाए ।

मुख्यमन्त्री यादवलाई नै विश्वासको मत दिने र सरकारको कमी कमजोरी सुधार गर्ने विषयमा सहमति भएको बैठकमा सहभागी जसपाका नेता एवं प्रदेश सभासद मनिष सुमनले बताए ।

'मधेश प्रदेशमा सरकार परिवर्तनको कुनै संभावना छैन्' उनले भने, जसपाकै नेतृत्वमा पाँच वर्ष सरकार चल्ने छ । कांग्रेसको महासमिति बैठक हुनु अगावै पुनः शीर्ष नेताहरु बस्ने उनले बताए ।

खुशिको खबर ! खुशिको खबर !! खुशिको खबर !!!

कृष्णा मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर (अस्पताल)


ब्रहमपुरी, जनकपुरधाम-९, धनुषा (नेपाल)
साबिकको जानकी मेडिकल कलेजको सिटी हस्पिटल भवनमा




डा. हेमन्त कुमार साह
एन.एम.सी.नं. १५०४०
एम.बि.बि.एस., एम.एस. (न्यूरोसर्जरी)
एम.सी.एच., न्यूरोसर्जरी (टि.यू., आई.ओ.एम.)
कन्सल्टेन्ट न्यूरोसर्जन

☞ यहाँ Brain तथा Spinal सम्बन्धित सबै शल्यक्रिया (Operation) आधुनिक मेशिनद्वारा गरिन्छ ।
☞ यहाँ २४ घण्टा ICU तथा Emergency सेवा उपलब्ध छ ।

१) टाउको दुख्नु (Migraine headache) अर्द्धकपारी
२) टाउको, ढाड, हात तथा खुट्टाको समस्या
३) नशा च्यापिनु
४) छारे रोग
५) हात, खुट्टा पोल्नु
६) हात, खुट्टा झमझम गर्नु र काम्नु
७) रिंगटा लाग्नु
८) प्यारालाइसिस
९) हिडदा हुतिनु
१०) पक्षघात (Brain Haemorrhage, Brain Tumor)








टाउको तथा नाशामा चोटपटक लाग्नु सम्बन्धी सम्पूर्ण रोगको लागि एउटै गन्तव्य ।

सम्पर्क नं. ०४१-५९१०९२, ९८१४०२९७६९

मधेश प्रदेशको राजधानी साँस्कृतिक नगरी जनकपुरधाम स्थित होटल

ANJANI SUITE









विशेषताहरु
- लक्जरीयर्स रुमहरु
- ठुलो पार्किङ्ग
- जनकपुरधामको रमणीय दृश्य देखिने रुफटप रेष्टुरेन्ट
- EV चार्जिङ्ग स्टेशनको व्यवस्था
- मल्टीक्यूजन रेष्टुरेन्ट, पार्टी हल, कन्फ्रेन्स हल
- विमानस्थलबाट पिकअप एण्ड ड्रपको व्यवस्था

सम्पर्क
९८५४०३०५०२, ९८५४०२७५९१
हनुमान मार्ग, कपालमोचनी सर, जनकपुरधाम-८, धनुषा

Anjani Suite

जाडोमा लिनुपर्ने सावधानीहरु



पानी प्रशस्त पिउने
शरीरमा पानीको मात्रा प्रशस्त भएमा चिसोले गर्दा रगत बाक्लो हुने जोखिम कम हुन्छ ।



Warm Up गर्ने
शारीरिक व्यायाम सुरु गर्नु भन्दा अघि शरीरलाई सक्रिय बनाउने अनि ब्यायाम सूरु गर्ने ।



हिंडाइको गति कम गर्ने
चिसोमा मुटुमा जोखिम घटाउन हिडाइको स्पिड कम गरेर, हिडाइको अवधि बढाउनु सुरक्षित उपाय हुन्छ ।



मदिरा र चुरोट सेवन नगर्ने
जाडो महिनामा मुटुमा हुने असरलाई मदिरा तथा धुम्रपानले झन् बढाउने हुनाले यसको प्रयोग नगर्नु राम्रो हुन्छ ।



चिसो हावा र पानी परेको बेलामा बाहिर व्यायाम गर्न निस्किनु हुँदैन ।

सुगर, प्रेसर, कोलेस्ट्रोलको राम्रो नियन्त्रण




जाडो महिनामा प्रेसर सुगर र कोलेस्ट्रोलको स्तर बढ्ने हुनाले यसको जाँच र नियन्त्रण गर्न जरूरी छ ।

धेरै चिल्लो खानेकुरा नखाने



जाडोमा कोलेस्ट्रोल बढने हुनाले धेरै चिल्लो, फ्राई, पार्टी, भोजको बेलामा सतर्क हुनुपर्दछ ।

चिसोमा हिड्दा छाती दुख्नु



मुटु रोगको प्रमुख लक्षण ब्लनष्लब चिसोमा बढी देखिन्छ र यस्तो छ भने डाक्टरलाई देखाउन जरूरी हुन्छ ।

औषधिको नियमित प्रयोग



मुटुरोग, प्रेसर, सुगर, कोलेस्ट्रोल आदिको औषधि नटुटाईकन नियमित खानु पर्छ ।

व्यायमको बेलामा चिसोबाट सुरक्षा



यसको लागि पर्याप्त लुगा लगाएर विशेष गरेर टाउको, कान, हात छोपेर हिड्नु पर्छ ।

मुखियापट्टी मुसहरनियाँ गाउँपालिका
तुलसीयाही जब्दी, धनुषा, मधेश प्रदेश

# स्कुल बसको ठक्करबाट युवकको मृत्यू

टुडे समाचारदाता

जनकपुरधाम।जनकपुरधाममा स्कुल बसले दिएको ठक्करबाट एक युवकको मृत्यु भएको छ।

जनकपुरधाम उपमहागनरपालिका वडा नम्बर २३ स्थित बेलामा श्रीराम बोर्डिंग स्कुलको बसले ठक्कर दिएपछि एक भारतीय युवकको मृत्यु भएको हो।

बा २ प ७६० नम्बरको स्कुल बसले साइकलबाट विपरीत दिशा तर्फ जाँदै गरेका भारत विहारको मधुवनी जिल्लाका हाल जनकपुरधाममै ससुराली बस्दै आएका २७ वर्षिय ममताज कवारीलाई ठक्कर दिएपछि गम्भीर घाइते भएका थिए।

घाइते साइकल यात्री कवारीलाई उपचारको लागि प्रादेशिक अस्पताल जनकपुर ल्याउँदै गर्दा बाटोमै मृत्यू भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ। यता स्कुल बस र चालकलाई धनुषा प्रहरीले नियन्त्रणमा लिएको छ।

महोत्तरीको रामगोपालपुर नगरपालिका वडा नम्बर ५ का बस चालक रामजस मण्डललाई धनुषा प्रहरीले नियन्त्रणमा लिएको छ।




# मुआब्जाका कारण सिँचाइ आयोजनामा विवाद

टुडे समाचारदाता

मलंगवा। ठेक्का लागेको २२ महिना बितिसक्दा पनि सर्लाहीको मदनपुर-गुलेरिया सिँचाइ आयोजनाको काम अगाडि बढ्न सकेको छैन।

कविलासी नगरपालिकास्थित ढुंगा खोलाबाट बाँध कसेर किसानको खेतमा पानी पु-याउने उद्देश्यले २०७८ साल चैत २१ गते ठेक्का लागेको यस आयोजनाको काम अहिलेसम्म अगाडि बढ्न सकेको छैन। मुआब्जाको विवादका कारण सम्झौता अवधि सकिन दुई महिना बाँकी रहँदा आयोजनाको काम भने कत्ति पनि हुन नसकेको भन्दै किसानले चिन्ता व्यक्त गरेका छन्।

कविलासी नगरपालिकाको एउटा वडासहित छिमेकी कौडेना गाउँपालिका र चक्रघट्टा गाउँपालिकाको करिब साँढे पाँच सय हेक्टरमा सिँचाइ सुविधा पु-याउने लक्ष्य आयोजनाको छ। सदरमुकाम मलंगवास्थित जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालयले २०८० साल चैत २० भित्र काम सक्ने गरी नौ करोड ७२ लाख ४० हजार ९५२ रुपैयाँमा आशिष-पृथ्वी-योगेश्वर जेभीसंग आयोजना निर्माणका लागि ठेक्का सम्झौता गरेको छ। आयोजना निर्माण सम्झौताको म्याद गुज्रिन दुई महिना मात्रै बाँकी रहँदा आकासे पानीको भरमा खेती गर्न बाध्य यहाँका किसान निराश बनेका छन्। कविलासीका किसान उग्रकान्त राय यादवले सिँचाइ आयोजना निर्माण हुने आस अब मर्दै गएको दुःखेसो पोखे।

> कार्यालयका तर्फबाट सर्भे गर्ने बेला स्थानीयले निःशुल्क जग्गा दिने सहमति थियो, तर पछि ठेक्का लागेपछि जग्गाधनीले मुआब्जाको कुरा निकालेर अवरोध गरेकाले समस्या परेको हो ।

ढंग्रा खोलामा रसाएको पानी एकत्रित गरी सिँचाइ आयोजनाबाट खेतमा पानी पठाउने आसमा बसे पनि त्यो पूरा हुन नसकेको उनले बताए। "आकासे पानीको भर परेर खेती गर्दा असाध्य सास्ती छ, तर सिँचाइ आयोजनाको काम अलपत्र पर्‍यो," रायले भने, "सिँचाइ आयोजना बनेर नहरमा पानी आइदिए किसानको ठुलो कल्याण हुने थियो।"

जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालयले अहिलेसम्म साइट क्लियर गराउन नसक्दा काम गर्न नपाएको ठेकेदार कम्पनीका प्रतिनिधि केशव दाहालले बताए। उनले भने, "हामीले अहिलेसम्म न आयोजनाको डिजाइन पाएका छौं न त साइट नै क्लियर भएको छ। काम गर्न भनेर निर्माणस्थलमा एक्साभेटरसहितका सामग्री लगेर महिना दिनदेखि राखिरहेका छौं तर काम हुन नपाउँदा ती सामग्रीको रेखदेख गर्न उल्टै दुई जना पालेर राख्नु परेको छ।"

सिँचाइ आयोजनाको काम अगाडि बढाउन जनप्रतिनिधिले चासो देखाएका छैनन्। कविलासी नगरपालिकाका प्रमुख ब्रह्मदेव रायले सम्बन्धित कार्यालयले किसानलाई मुआब्जा नदिँदा काममा अवरोध भएको बताए। उनले आयोजना ठेक्का लगाउनुअघि नै जग्गा अधिग्रहण गर्नुपर्ने भए पनि त्यसो हुन नसकेको बताए। नगर प्रमुख रायले भने, "यो आयोजना हचुवाको भरमा ठेक्का लगाइएको छ। किसानलाई उचित मुआब्जा नदिएसम्म काम अगाडि बढ्न सक्ने अवस्था नै छैन।"

जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय मलंगवाले भने सर्भे गर्ने बेला जग्गा दिने सहमति भएको तर पछि मुआब्जा माग गरेर समस्या सिर्जना गरिएको जनाएको छ। कार्यालयका सिनियर अधिकृत लक्ष्मण ठाकुरले भने, "कार्यालयका तर्फबाट सर्भे गर्ने बेला स्थानीयले निःशुल्क जग्गा दिने सहमति थियो, तर पछि ठेक्का लागेपछि जग्गाधनीले मुआब्जाको कुरा निकालेर अवरोध गरेकाले समस्या परेको हो।"

# दुई दिवसीय विराट हिन्दु सन्त सम्मेलन हुने

टुडे समाचारदाता

जनकपुरधाम। विराट हिन्दु सन्त सम्मेलन फागुन ३ र ४ गते दुई दिवसीय आयोजना हुने भएको छ।




भारतको बिहार राज्य अन्तर्गत शिवहरमा आयोजना हुन गइरहेको सम्मेलनमा धर्म संस्कृतिका विभिन्न मुद्दामा चर्चा र प्रवचन गरिने कार्यक्रम रहेको जनाइएको छ।

कार्यक्रममा कविहरुको रचना र शिष्य परिवारद्वारा कविता एवं गायन वादनसमेत सम्मेलनमा गरिने भारतीय जनता पार्टीका नेतासमेत रहेका योगी अखिलेश्वर दासले जानकारी दिए।

जनकपुरधाममा बिहीबार आयोजना गरिएको पत्रकार सम्मेलनमा विभिन्न मुलुकबाट साधुसन्तहरु सहभागी हुनुका साथै जगन्नाथपुरी गोवर्धन पीठ शंकराचार्य जगतगुरु स्वामी अधोक्षजनानंद देवतीर्थजी महाराजजी र स्वामी जितेन्द्रानंद सरस्वतीको प्रमुख आतिथ्यतामा सम्मेलन हुने उनले बताए।

# हुलाकका एक हजार छ सय ३६ दरबन्दी खारेज

टुडे समाचारदाता

काठमाण्डु। सरकारले केन्द्रीय धनादेश र टिकट व्यवस्थापन तथा 'फिलाटेलिक' कार्यालय खारेज गरेको छ। मन्त्रिपरिषद्को विहिबारको बैठकले 'एक पालिका एक हुलाक' कायम गर्ने, हुलाकको सङ्गठन संरचना परिवर्तन गर्ने र एक हजार छ सय ३६ दरबन्दी खारेज गर्ने निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिए।

बैठकले विद्युतीय सुशान आयोगका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिएको छभने गरिब परिवार पहिचान तथा परिचय पत्र वितरण (पहिलो संशोधन) निर्देशिका २०८०, स्वीकृत गरेको छ।

बैठकले रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान पूर्वाधार तयार विकास समिति गठन आदेश २०८० बमोजिम अध्यक्ष पदमा महोत्तरी निवासी डा परशुराम मिश्रलाई नियुक्त गर्ने निर्णय गरेको सरकारका प्रवक्तासमेत रहेकी मन्त्री शर्माले सञ्चारकर्मीहरूलाई बताए।

# विश्व सामाजिक मञ्चको १६औं सम्मेलन नेपालमा



टुडे समाचारदाता

काठमाण्डु। विश्वका सीमान्तकृत समुदायको आवाज उठाइने विश्व सामाजिक मञ्चको १६औं संस्करण आगामी फागुन ३ गतेदेखि ७ गतेसम्म काठमाडौंमा हुने भएको छ।

मञ्चअन्तर्गतको नेपाल आयोजक समितिले विहिबार आयोजना गरेको पत्रकार सम्मेलनमा आगामी फागुन ३ गतेदेखि ७ गतेसम्म काठमाडौंको भृकृटीमण्डपमा सम्मेलन हुने जनाइएको हो।

विद्यमान विश्व व्यवस्थाले अङ्गीकार गरेका नीति र संरचनाले सिर्जना गरेका नकारात्मक प्रभावबारे आलोचनात्मक बहसका लागि विश्वका ९१ मुलुकका एक हजार एक सय ६५ संस्था सहभागिताका लागि दर्ता भएका पत्रकार सम्मेलनमा नेपाल आयोजक समितिका सदस्य डा नेत्र तिमिल्सिनाले जानकारी दिए।

नेपालमा पहिलोपटक हुन लागेको यस सम्मेलनमा आर्थिक असमानता र न्याय, श्रम, आप्रवासन, दासत्व, मानव बेचबिखन, जात, काम र वंशमा आधारित भेदभाव, जाति, जातीयता, आदिवासी, छुवाछूत र हिंसा, खाद्य सम्प्रभुता, शान्ति, द्वन्द्व, सञ्चार, कानुन, स्वास्थ्य, शिक्षा आदि विषयमा नागरिक आन्दोलनको भूमिकाबारे छलफल हुने उनले बताए।

ती विषयमा चार सय कार्यपत्र प्रस्तुतिका लागि दर्ता भएका छन्। उक्त कार्यपत्र प्रस्तुतिमा ४० देखि ५० हजारको सहभागिता रहने अपेक्षा गरिएको समितिका सदस्य ओम थपलियाले बताए। समितिका सञ्चार समन्वय उपसमितिका संयोजक सुशील विकले 'अर्को विश्व सम्भव छ' भन्ने नाराका साथ हुने सम्मेलनले नवउदारवाद, भूमण्डलीकरण, पुँजीवाद, जलवायु सङ्कट, पितृसत्ता, जातजाति, छुवाछूत तथा रङ्गभेद, नश्लभेद तथा यौनिकताका आधारमा हुने हिंसा, विभेद, द्वेषका विरुद्ध सामूहिक आवाज उठाउने बताए।

# धूमपानविरुद्ध सचेतना अभियान सञ्चालन

काठमाण्डु। धूमपान र सुर्तीसेवनलाई निरुत्साहित गर्न 'डा.ओम फाउन्डेसन'ले 'विद्यालयस्तरमा स्वास्थ्य सचेतनामूलक कार्यक्रम 'स्कुल हेल्थ प्रोग्राम' सञ्चालन गर्ने भएको छ। सोही कार्यक्रमअन्तर्गत फाउन्डेसनले धूमपान र सुर्ती सेवनसम्बन्धी 'विद्यालयस्तरीय खुला राष्ट्रव्यापी कविता, बाल चित्रकला र हाजिरी जवाफ प्रतियोगिता' आयोजना गरेको छ।

पछिल्ला दिनमा नेपालमा धूमपान र सुर्तीसेवन विद्यालयस्तरबाटै सुरू गर्ने घटना बढेको छ। अध्ययनअनुसार नेपालमा औसत १७ वर्षको उमेरमा धूमपान सुरू गरेको पाइन्छ। किशोरावस्थामै कुलतमा लाग्दा सानो उमेरमै जटिल स्वास्थ्य समस्याबाट गुज्रिनुपर्ने स्थिति रहेकाले विद्यार्थीलाई धूमपान र सुर्तीसेवन हानिकारक हो भन्ने कुराको बोध गराउनु अपरिहार्य रहेकाले यो अभियान सञ्चालन गरिएको बताइएको छ। प्रणय दिवस तथा सरस्वती पूजाको सन्दर्भ पारेर 'डा.ओम फाउन्डेसन'का संस्थापक वरिष्ठ मुटुरोग विशेषज्ञ डा. ओम मूर्ति अनिलले धूमपान र सुर्ती सेवनलाई निरुत्साहित गर्न दुईहप्ते सचेतनामूलक अभियान 'धूमपान गर्ने स्वार्थी हुँदैनन्' सञ्चालन गरिएको बताउनुभयो।



विद्यालय, शिक्षक र अभिभावकले आफ्ना बालबालिकालाई यस अभियानमा सहभागी हुन प्रोत्साहित गर्न फाउन्डेसनले आग्रह गरेको छ। पुरस्कार र प्रतियोगिता एउटा माध्यम मात्रै हो विद्यार्थीलाई एक अभियानमा सहभागी गराउँदा उनीहरुले धूमपान तथा सुर्ती सेवनको असरका बारेमा जानकारी पाउने छन्। एउटा अवसरको सन्दर्भमा गरिएका क्रियाकलाप अविस्मरणीय पनि हुने भएकाले प्रणय दिवस तथा सरस्वती पूजालाई रोजिएको डा. अनिलको भनाइ छ।

अभियानअन्तर्गत धूमपान र सुर्ती सेवनबाट सेवनकर्ता, सेवनकर्ताको परिवार र साथीभाइको स्वास्थ्यमा समेत पर्ने असर झल्काउने गरी 'विद्यालयस्तरीय खुल्ला राष्ट्रव्यापी कविता, बाल चित्रकला र हाजिरीजवाफ प्रतियोगिता' आयोजना गरेको डा. अनिलले जानकारी दिनुभयो। १२ कक्षासम्मका विद्यार्थी सहभागी हुनसक्ने कविता प्रतियोगितामा पाँच छात्राछात्रलाई उत्कृष्ट रचनाकारका रुपमा छनोट गरी जनही १० हजार रुपैयाँ नगद पुरस्कार प्रदान गरिने फाउन्डेसनले जनाएको छ।

बाल चित्रकला प्रतियोगितामा कक्षा ७ सम्मका विद्यार्थी सहभागी हुन सक्नेछन्। सहभागीमध्येबाट एक छात्रा र एक छात्रलाई उत्कृष्ट चित्रकारको रुपमा छनोट गरी जनही रु १० हजार पुरस्कार प्रदान गरिनेछ। त्यस्तै कक्षा १२ सम्मका विद्यार्थीले तीन सदस्यीय समूह निर्माण गरी सहभागी हुन सक्नेछन्। सहभागीमध्येबाट तीन समूहलाई प्रथम, द्वितीय र तृतीयका रूपमा छनोट गरी क्रमशः रु ५० हजार, रु ३० हजार र रु २० हजार नगद, प्रमाणपत्र र पदक प्रदान गरिने फाउण्डेशनले जनाएको छ।रासस


## माइग्रेशन हरायो

निम्न लिखित व्यहोराको माइग्रेशन घरबाट जनकपुर जाने क्रममा मिति २०८०।१०।१५ गतेमा हराएको हुदा फेला पार्नु हुने व्यक्तिले उल्लेखित ठेगाना वा नजिकको प्रहरीमा खबर गरिदिन हुन् अनुरोध छ।

**नाम : रुपा कुमारी मगर**
**सिम्बोल नं.: ९२०००२५३**
**रजिष्ट्रेशन नं.: ७०१७१९०२४**
**सिरियल : M१३२१६७३**
**ठेगानाः मिथिला न.पा.-६, ढल्केवर**
**मो.नं.९८२११०२५२६**

## माइग्रेशन हरायो

निम्न लिखित व्यहोराको माइग्रेशन घरबाट जनकपुर जाने क्रममा मिति २०८०।१०।१० गतेमा हराएको हुदा फेला पार्नु हुने व्यक्तिले उल्लेखित ठेगाना वा नजिकको प्रहरीमा खबर गरिदिन हुन् अनुरोध छ।

**नाम : कोमल कुमारी बुढाथोकी**
**सिम्बोल नं.: २१७०२५६४**
**रजिष्ट्रेशन नं.: ७०१७३५०१०**
**सिरियल : M१३३३६९७**
**ठेगानाः मिथिला न.पा.-७, ढल्केवर**
**मो.नं.९८१७६६०१३९**


## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : बौद्धिक क्षमता। |
| बृष | : प्रतिभा सम्पन्नता। |
| मिथून | : शिक्षामा उन्नति। |
| कर्कट | : पारिवाहिक सुख। |
| सिंह | : धन वृद्धि सञ्चय। |
| कन्या | : प्रेम प्रसंग, मित्र सुख। |
| तुला | : सुख समृद्धि हुने। |
| वृश्चिक | : भ्रमण अवसर हुने। |
| धनु | : अवसर प्राप्त। |
| मकर | : वाद विवादबाट बच्नु। |
| कुम्भ | : पुरस्कार प्राप्त लाभ। |
| मीन | : नयाँ कार्य हुने। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८१३५३४, ९८१५८१३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



मोरङको सुन्दरहरैँचा नगरपालिकामा रहेको कुमारी बैंकमा बिहीबार सामाजिक सुरक्षा भत्ता लिन पालो कुरेर बसेका ज्येष्ठ नागरिक । *तस्विरः रासस*

# सरस्वतीको मूर्ति बनाउन भ्याइनभ्याइ

टुडे समाचारदाता

जनकपुरधाम । सरस्वती पूजा नजिकिँदै गर्दा यहाँका मूर्तिकारलाई सरस्वतीको मूर्ति बनाउन भ्याइनभ्याइ छ । अरुबेला फुर्सदमै रहने मूर्तिकारहरुलाई नजिकिँदो सरस्वती पूजाले व्यस्त बनाएको छ । आगामी फागुन २ गते हुने सरस्वती पूजा परेकाले सोही पूजाका लागि मूर्ति बनाउन उनीहरु व्यस्त भएका हुन् ।



पूजामा प्रयोग गरिने मूर्तिको बिक्रीबाट अर्थोपार्जन गर्ने उद्देश्यले माटोबाट सरस्वतीको प्रतिमा बनाउन थालिएको मूर्तिकार रामकुमार मण्डल बताउछन् । धनुषाका करिब ४० ठाउँमा मूर्तिकारहरुले मूर्ति बनाइरहेका छन् ।

धनुषाको तिनकौरीया चोक, यदुकोहा बजार, सबैला बजार, भठियन, वीरेन्द्रबजार, गोदार, ढल्केवर, महेन्द्रनगर, सपही चोक, लक्ष्मीनिया बजार, तरापट्टी बजार, धनुषाधाम, धरापानी, कुर्था बजार, जनकपुरधामको मुजेलिया, क्याम्पस चोक, विद्यापति चोक शुक्रबारी हटिया, बिन्दही, महुवालगायतका मूर्तिकारहरु सरस्वतीको मूर्ति बनाउन व्यस्त देखिएका छन् ।

मूर्तिकार मण्डलले यस वर्षका लागि २७ वटा मूर्ति बनाइसकेका छन् । उनीसँग प्रतिगोटा रु तीन हजारदेखि १५ हजारसम्मका मूर्ति छन् । अर्का मूर्तिकार रामनारायण पण्डितले ३५ वर्षदेखि मूर्ति बनाउँदै आएको बताए । "आवश्यकताअनुसार ठाउँठाउँमा पुगेर मूर्ति बनाउँदै आइरहेको छु", उनले भने । पण्डितको मुख्य पेशा नै मूर्ति बनाउने हो । सरस्वती पूजाका लागि रु पाँच हजारदेखि ३० हजारसम्मका मूर्ति बनाएर बिक्री गरिरहेको उनले बताए ।

सरस्वतीको एउटा मूर्ति तयार गर्न करिब चार जनालाई पाँचदेखि १० दिनसम्म लाग्ने उनीहरुको भनाई छ । कतिपय मूर्तिकारले स्थानीयलाई रोजगारी पनि दिएका छन् । माटो, काठ, रङ कपडा तथा परालबाट मूर्ति बनाइन्छ । विशेषगरी सरस्वती पूजाका लागि बनाइएका मूर्ति त्यस दिन विद्यालय तथा घरमा लगी विद्यार्थी एवं साधकहरुले पूजा गर्ने गर्दछन् ।

# पृथ्वीनारायण शाह छात्रवृत्ति कोष स्थापना

टुडे समाचारदाता



सप्तरी । मधेस प्रदेशका पूर्व प्रदेश प्रमुख डा राजेश अहिराजले पृथ्वीनारायण शाहका नाममा विहिबार सप्तरीको कञ्चनरुपस्थित नन्दराज सङ्गौला क्याम्पस रूपनगरमा छात्रवृत्ति कोष स्थापना गरेका छन् । समुदायद्वारा सञ्चालित क्याम्पसमा आयोजित एक समारोहकाबीच उनले रु एक लाख एक हजार हस्तान्तरण गदै 'राष्ट्र निर्माता पृथ्वी छात्रवृत्ति कोष' स्थापना गरेका हुन् ।

डा अहिराजले गाउँका विद्यार्थीका लागि केही गरौं भन्ने उद्देश्यले यस क्याम्पस कोष स्थापना गरेको बताए । "जीवन सार्थक बनाउन मानिसले आफ्नो आर्जनको न्यूनतम् दश प्रतिशत सामाजिक सेवामा लगाउनुपर्छ", उनले भने ।

मधेस मामिलामा विद्यावारिधि गरेका अहिराजले पृथ्वीनारायण शाहले भौगोलिक एकीकरण गरेको र हामीहरुले नेपालीको भावनात्मक एकीकरण गर्न आवश्यक रहेको बताए । भूगोलसँगै भावनाको एकीकरण हुन जरुरी रहेको उनको भनाइ छ । क्याम्पसमा अध्ययनरत विपन्न तथा जेहन्दार विद्यार्थीलाई उच्च शिक्षामा सहयोग गर्ने उद्देश्यले आरम्भ गरिएको अक्षय कोष रकमबाट प्राप्त बैंकको ब्याजबाट छात्रवृत्ति उपलब्ध गराइने क्याम्पसले जानकारी दिएको छ । अक्षय कोषमा रु एक करोड जम्मा गर्ने लक्ष्य लिइएको सो क्याम्पसका प्रमुख प्राध्यापक दीपककुमार गजुरेलले बताए ।

"अक्षय कोषलाई रु एक करोडको बनाएर यो क्याम्पसमा अध्ययन गर्ने सबै छात्रछात्रालाई निःशुल्क शिक्षा दिने हाम्रो सपना हो", प्राध्यापक गजुरेल भन्छन्, "गाउँमा उच्च गुणस्तरको शिक्षा उपलब्ध गराउने लक्ष्य राखिएको छ ।"डा अहिराजको योगदानबाट प्रभावित भएर क्याम्पसका अध्यक्ष गिरिराज सङ्गौलाले छात्रवृत्ति कोषमा रु ५१ हजार थप गर्ने घोषणा गरे । अक्षय कोषमा रूपनगर निवासी रामप्रसाद खतिवडाले रु २१ हजार एक सय ११, प्रमिला खतिवडाले रु ११ हजार एक सय ११ र दुवलक्ष्मी श्रेष्ठले रु १० हजार योगदान गरे ।

त्यस अवसरमा उच्च अदालत धनकुटाका मुख्य न्यायाधीश डा रत्नबहादुर बागचन्दले यो छात्रवृत्तिबाट विद्यार्थी प्रोत्साहित हुने आशा व्यक्त गरे ।

"शिक्षा गुणस्तरीय नभएसम्म समाजले उन्नति गर्न सक्तैन", डा बागचन्दले भने, "हामी सबैले शिक्षालाई प्राथमिकतामा राख्नुपर्नेआवश्यकताछ।"कञ्चनरूप नगरपालिकाकी उपप्रमुख मुना पोखरेलले विद्यार्थीलाई आफूले र नगरपालिकाको तर्फबाट हरेक तवरले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।शिक्षाको मन्दिरमा गुरुको स्थान उच्चतम् हुने सनातन परम्परा अनुशरण गर्दै कार्यक्रममा प्रमुख अतिथि पूर्वप्रधानाध्यापक शम्भुप्रसाद घिमिरेले शिक्षाकोस्तर कमजोर भएकोमा चिन्ता व्यक्त गरे । कार्यक्रमको उद्घाटन तुलसीमा जल अर्पण गरी नवीन शैलीबाट गरिएको थियो ।

# महानगरले जरिवानाबाट उठायो साढे २४ लाख राजस्व

टुडे समाचारदाता

वीरगञ्ज । जथाभावी फोहर फ्याँक्नेहरुमाथि कारबाही सुरु गरेको वीरगञ्ज महानगरपालिकाले गएको छ महिनामा साढे २४ लाख रुपैयाँ जरिवाना उठाएको छ ।

वीरगञ्ज महानगरपालिकाले गत विसं २०७९ पुस १७ गतेदेखि जरिवाना गर्न सुरु गरेको चरणमा नियमित सरसफाइ गर्दै आएको छ ।

सफा, सुन्दर वीरगञ्जको योजनाअनुसार अहिले बिहान, दिउँसो र राति गरी तीन चरणमा नाला र सडक सरसफाइ गरिरहेको पनि उनले बताए । विगतमा अस्तव्यस्त र दुर्गन्धित नगरकारुपमा परिचित वीरगञ्ज महानगर क्षेत्रलाई मुलुककै नमुना महानगर बनाउने लक्ष्यका




र हालसम्म जथाभावी फोहर फ्याँक्ने व्यक्ति र संस्था गरी नौ सय जनाबाट रु २४ लाख ६३ हजार जरिवानाबापतको राजस्व सङ्कलन गरेको सरसफाइ शाखा प्रमुख सरफुदिन मियाँले जानकारी दिए ।

"घर, पसल र कार्यालयबाट निष्किने फोहर जतातते फ्याँक्ने स्थानीयहरुको प्रवृत्ति छ", सरसफाइ शाखा प्रमुख मियाँले भने, "त्यो प्रवृत्तिलाई निरुत्साहित गर्न हामीले फोहर फ्याँक्नेलाई जरिवाना गर्ने अभियान सुरु गरेका छौं ।" यो अभियानलाई थप प्रभावकारी बनाउन सार्वजनिक मुद्दा चलाउने योजना बनाएकोसमेत उनको भनाइ छ । सफा, स्वच्छ र सुन्दर महानगर बनाउने उद्देश्यका साथ निजी संस्थासँग सहकार्य गरी महानगरका ३२ वटै वडामा तीन साथ योजना अघि बढाएपछि यतिबेला वीरगञ्ज महानगर क्षेत्र सफा र सुन्दर देखिन थालेको छ । बजेट अभावका कारण देखाउँदै सरसफाइका कर्मचारी हटाएपछि भने फेरि पुरानै अवस्थामा त फर्किने होइन भन्ने चिन्ता बढेको सरसफाइ प्रमुख मियाँको कथन छ ।

"सरसफाइका कर्मचारीले दैनिक सडक र नाला सफा गर्दा सडक चिटिक्क बनेको छ", प्रमुख मियाँले भने, "तर केही दिनयता सरसफाइका कर्मचारी घट्दै गएका छन्, जसका कारण अपेक्षाकृतरुपमा सरसफाइको काम हुन सकेको छैन ।"स्थायी प्रकृतिका सरसफाइ कर्मचारीले अवकाश पाएका र ज्यालादारीका रुपमा राखिएकालाई बजेट अभावका कारण हटाउनुपरेको उनको भनाइ छ ।

# 'सूचना प्रविधिलाई सुशासन र समृद्धिको आधार बनाइनुपर्छ'

टुडे समाचारदाता



काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सूचना प्रविधिलाई सुशासन र समृद्धिको आधार बनाइनुपर्ने बताएकी छन् । कम्प्युटर एशोसिएसन नेपाल महासङ्घ (क्यान)ले आयोजना गरेको '२९औं क्यान इन्फोटेक'को विहिबार उद्घाटन गर्दै उनले सूचना प्रविधिलाई आधारभूत आवश्यकता र राष्ट्रिय प्राथमिकतामा राखिएको बताईन् ।

सूचना प्रविधिको विकासबाट समृद्धि हासिल गर्न सकिने उल्लेख गर्दै मन्त्री शर्माले डिजिटल नेपाल फ्रेमवर्कको कार्यान्वयनसँगै त्यसले मूर्तरुप लिने बताईन् । सरकारले सुशासन, सामाजिक न्याय र समृद्धिलाई प्रमुख कार्यभारका रूपमा अघि बढाएको भन्दै उनले १६औं आवधिक योजनामा सूचना प्रविधिलाई प्राथमिकतामा राखिएको बताइन् ।

सूचना प्रविधिसम्बन्धी रुपान्तरणकारी आयोजना सञ्चालन गरी मुलुकको अर्थतन्त्र सबल बनाउँदै रोजगारी सिर्जना गर्नुपर्नेमा जोड दिँदै मन्त्री शर्माले अब श्रमिक नभई सेवा निर्यात गर्ने मुलुकका रूपमा विकास गरिनुपर्ने बताईन् । "सूचना प्रविधिको विकासमार्फत सेवा विकास गर्न सकिन्छ, यसबाट रोजगारी सिर्जना हुन्छ", उनले भने, "बढ्दो विदेश पलायनलाई पनि रोक्न सकिन्छ ।"

मन्त्री शर्माले क्यान महासङ्घलाई आफ्नो सेवा क्षेत्रको दायरा विस्तार गर्न आग्रह गर्दै सरकारी र निजी क्षेत्रको सहकार्यबाटै सूचना प्रविधि क्षेत्रको विकास गर्न सकिने बताईन् । "अबको लगानी सूचना प्रविधि क्षेत्रमा हुनुपर्छ, सूचना प्रविधिको क्षेत्रको विकासबाट मुलुकको अर्थतन्त्रलाई सबल बनाउन सकिन्छ", उनले भने ।

नेपाल उद्योग परिसङ्घका अध्यक्ष राजेश अग्रवालले नेपालको हरेक क्षेत्र लगानीका लागि उपयुक्त भए पनि नीतिगत स्थिरताका आभावमा लगानीकर्ता आकर्षित हुन नसकेको उल्लेख गर्दै त्यसका लागि नीतिगत र कानुनी स्थायित्व अपरिहार्य रहेको बताए । नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लले सूचना प्रविधिको विकासबिना मुलुकको समृद्धि सम्भव नभएकाले सूचना प्रविधिसम्बन्धी सेवा प्रभावकारी बनाएर नेपाललाई 'आइटी हब' बनाइनुपर्ने बताए ।

क्यान महासङ्घका अध्यक्ष रञ्जीतकुमार पोदारले सूचना प्रविधिसम्बन्धी सेवा निर्यात गरेर रोजगारी सिर्जनाका साथै विदेशी मुद्रा भित्र्याउन थालेको यस क्षेत्रलाई सरकारले प्राथमिकता दिनुपर्ने बताए । मेलामा एक सय ५० भन्दा बढी कक्ष रहेका छन् । मेलाको झण्डै तीन लाख ५० हजार व्यक्तिले अवलोकन गर्ने आयोजकको दाबी छ ।

# छ महिनामा अवैध हातहतियारसहित १३४ पक्राउ

टुडे समाचारदाता




काठमाण्डु । नेपाल प्रहरीले चालु आर्थिक वर्षको छ महिनामा देशका विभिन्न स्थानबाट अवैध हातहतियारसहित एक सय ३४ जनालाई पक्राउ गरेको छ । प्रहरीका अनुसार पक्राउ पर्नेमा एक सय ३० पुरुष र चार महिला छन् । प्रहरीका अनुसार पक्राउ पर्नेमा छ जना विदेशी नागरिक छन् ।

प्रहरीले दिएको जानकारी अनुसार काठमाडौं उपत्यकाबाट १७ जना, कोशी प्रदेशबाट १८ जना, मधेस प्रदेशबाट २५ जना, बागमती प्रदेशबाट १३ जना, गण्डकी प्रदेशबाट १४ जना, लुम्बिनी प्रदेशबाट २१ जना, कर्णाली प्रदेशबाट १२ जना र सुदूरपश्चिम प्रदेशबाट १४ जना पक्राउ परेका छन् । यस अवधिमा अवैध हातहतियार अन्तर्गत जम्मा ९४ मुद्दा दर्ता भएका छन् ।

"अवैध हातहतियार नियन्त्रणमा प्रहरी सक्रियताको कारण विभिन्न व्यक्तिहरूलाई हतियारसहित पक्राउ गर्न नेपाल प्रहरी सफल भएको छ । यसबाट हतियारधारी समूह निस्तेज बनेको छ", प्रहरीले भनेको छ, "यसबाट मुलुकमा शान्ति सुरक्षा कायम राख्न सहज भएको छ । आम नागरिकले शान्ति सुरक्षा, अमन चयन कायम भएको महसुस गरेका छन् ।"

प्रहरीले अपराधमुक्त समाज निर्माण र अपराध नियन्त्रणका लागि अवैध हातहतियार कारोबारी तथा प्रयोगकर्तालाई पक्राउ गरी कानुनी दायरामा ल्याउन सक्रियता बढाएको उल्लेख गरेको छ । "नेपाल प्रहरीले सूचना संयन्त्रलाई बलियो बनाउँदै काम गरेको कारण हातहतियार कारोबारी र हतियार नियन्त्रणमा लिन सकिएको हो", नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता प्रहरी नायब महानिरीक्षक भिमप्रसाद ढकालले भने, "सरोकारवाला निकायबीचको सहकार्यले यस कार्यमा थप मद्दत पुगेको छ । हतियारको जोखिमबारे सर्वसाधरणलाई चेतना जगाउन सफल भएपछि अवैध हतियार राखेका व्यक्तिहरूले समेत हतियार प्रहरीमा बुझाएका छन् ।"

विभिन्न सम्भावित ठाउँमा सबै प्रकारका अवैध हतियार नियन्त्रण गर्न विशेष टोली परिचालन गरिएको उनको भनाइ छ । सो अवधिमा पेस्तोल छ थान, रिभल्वर चार थान, कटुवा पेस्तोल १७ थान, बन्दुक ६ थान, भरुवा बन्दुक ८१ थान र एयर गन २ थान गरी जम्मा १ सय १६ थान अवैध हतियार बरामद भएका छन् । सो अवधिमा पेस्तोलको गोली ५३ राउण्ड, रिभल्वरको २२ राउण्ड, कटुवाको १७ राउण्ड, बाह्रबोरको १९ राउण्ड, बन्दुकको २० राउण्ड, भरूवाको ९३ राउण्ड र अन्य ३ राउण्ड गरी जम्मा २ सय २७ राउण्ड गोली बरामद भएको छ ।

बरामदमध्ये काठमाडौं उपत्यकाबाट सात थान हतियार र १४ राउण्ड गोली, कोशी प्रदेशबाट १८ थान हतियार र १५ राउण्ड गोली, मधेस प्रदेशबाट १४ थान हतियार र ६३ राउण्ड गोली, बागमती प्रदेशबाट १८ थान हतियार र २१ राउण्ड गोली, गण्डकी प्रदेशबाट ९ थान हतियार, लुम्बिनी प्रदेशबाट २५ थान हतियार र ७१ राउण्ड गोली, कर्णाली प्रदेशबाट १३ थान हतियार र छ राउण्ड गोली तथा सुदूरपश्चिम प्रदेशबाट १२ थान हतियार र ३७ राउण्ड गोली छन् । जसमा भरूवा बन्दुक र कटुवा पेस्तोलको सङ्ख्या अन्यको भन्दा बढी रहेको प्रहरीको भनाइ छ ।

तस्करी, हत्या, अपहरण, डकैती, लुटपाट, जबरजस्ती चन्दा असुली तथा दुर्लभ वन्यजन्तुको शिकारीमा यस्ता हातहतियार प्रयोग भएको देखिएको प्रहरीको भनाइ छ। अवैध हातहतियार नियन्त्रण तथा कारोबारीलाई कानुनी दायरामा ल्याउन नेपाल प्रहरीले देशभरिनै विशेष अभियान चलाएको प्रहरी नायव महानिरीक्षक ढकालले जानकारी दिए ।

अभियानको प्रभावले आम नागरिकबाट सूचना प्राप्त गर्न सहज भएको र यसबाट अवैध हातहतियार नियन्त्रण गर्न प्रहरीलाई सफलता मिलेको उनको भनाइ छ । नियन्त्रणमा लिइएका व्यक्ति तथा हतियार सम्बन्धमा हातहतियार तथा खरखजानासम्बन्धी कसूरमा अनुसन्धान एवम् कारवाही हुने गरेको प्रहरीको भनाइ छ ।प्रहरीले अवैध हतियार कतै लुकाइराखेको थाहा भएका उक्त सूचना नेपाल प्रहरीलाई उपलब्ध गराउन र अवैध हतियार बुझाउन अनुरोध गरेको छ । अपराधमुक्त समाज निर्माण र अपराध नियन्त्रणका लागि अवैध हातहतियार कारोबारी तथा प्रयोगकर्तालाई पक्राउ गरी कानुनी दायरामा ल्याउन नेपाल प्रहरी सक्रिय छ ।

# नेपालमा स्टुडियोको आवश्यकता

टुडे समाचारदाता

काठमाण्डु । केही समय अगाडि हलिउड चलचित्र 'आइस रोड २'को छायाङ्कन अष्ट्रेलियाको भिक्टोरियास्थित वालहल्ला भन्ने ठाउँमा गर्दा कोदारी (अरनिको) राजमार्ग र बाह्रबिसे आसपासको दृश्यझैँ देखिने स्थानको निर्माण (सेट लगाएर) गरियो । उक्त स्थानको श्रव्यदृश्य र तस्बिर सार्वजनिक भएसँगै नेपालको झल्को दिएको प्रतिक्रिया सामाजिक सञ्जालमा देखियो । यो सब स्टुडियोका कारण सम्भव भएकाले पुनः एकपटक स्टुडियोको महत्वको चर्चा सुरु भएको छ ।

नेपालमा स-साना स्टुडियो नभएका होइनन् । तर उक्त स्थानमा एउटा दृश्य (एक सेट) निर्माण गरेपछि अर्को गर्न सकिँदैन । ती साना भएको र समयसापेक्ष नभएकाले प्रयोगमा कम आउने गरेका छन् । दृश्य निर्माण गरेर छायाङ्कन गर्न पर्याप्त स्थान प्राप्त भएमा नेपाली चलचित्रकर्मीको प्राथमिकतामा स्टुडियो पर्ने देखिन्छ । किनकि सार्वजनिक स्थानमा गरिने छायाङ्कनले कलाकारलाई असहजता हुनुका साथै सामाजिक सञ्जालमार्फत दृश्य सार्वजनिक हुने, कलाकारले निर्माण गरेको आवरण (लुक्स) बाहिरिने सम्भावना बढी हुन्छ ।

गत असारमा छायाङ्कन गरिएको 'पशुपति प्रसाद-२ : भष्मे डन' मा अभिनेत्री स्वस्तिमा खड्का दुर्गा माताको वेशभूषामा देखिएका थिए । पशुपति क्षेत्रमा छायाङ्कन गरिएकाले उनको तस्बिर र दृश्य सामाजिक सञ्जालमार्फत सार्वजनिक भयो । निर्माण समूहले उनीसँगै अभिनेता विपिन कार्कीले निर्वाह गरेको भष्मे डनको आवरणलाई पनि लुकाउन सकेन । ती कलाकारको आवरणलाई विशेष समयमा प्रचार-प्रसार हुने हेतुले सार्वजनिक गर्ने तालिका बनाएता पनि सामाजिक सञ्जालमार्फत सार्वजनिक भएपछि त्यसलाई योजनाअनुरुप दर्शकसम्म लान नसकिएको निर्देशक दीपेन्द्रकुमार खनालले बताए ।

"हाम्रो कथावस्तुअनुसार पशुपति क्षेत्रमै दृश्याङ्कन गर्नुपर्ने थियो । त्यसकारण पनि हाम्रो कलाकारको आवरण लुकाउन सहज भएन । त्यसपछि हामीले छायाङ्कन गर्दा नै लिइने ध्वनि (सिङ्क साउण्ड) मा काम गरेका थियौं । बाहिरी दृश्य भएकाले निकै असहज भयो । यस्तो समयमा स्टुडियो भएको भए भन्ने लाग्दोरहेछ", निर्देशक खनालले भने ।

> "नेपाली चलचित्र विदेशीझैँ प्रतिस्पर्धामा उत्रिन विदेशी लगानी ल्याउनेमा जोड दिइरहेका छौं । बोर्डले शतप्रतिशत नभए पनि केही लगानी ल्याउने वातावरण निर्माण गर्न पहल गरिरहेको छ ।"

अभिनेता विपिन कार्कीले विस्तारै नेपालमा स्टुडियोको अभाव महसुस गर्न थालेका छन् । बाहिर भीडभाडमा छायाङ्कन हुँदा कलाकारलाई चरित्रमा रहन सहज नहुने उनले बताए । "हामीले चरित्रलाई निर्माण गरेर रहन म त्यहाँ विपिन हुँदिन । तर बाहिर छायाङ्कन गर्नुपर्दा चरित्रमा रहिरहन विविध कुराले असर गर्छ", अभिनेता कार्कीले भने, "कलाकारलाई एक सुरमा अभिनय गर्न दिइयो भने अझै राम्रो नतिजा आउँछजस्तो लाग्छ । कहिलेकाहीं कुनै स्थानमा रोकछेक गरेर छायाङ्कन हुँदा छुट्टै अनुभव हुन्छ ।"

गत मङ्सिरमा खुलामञ्चमा चलचित्र 'महाजात्रा'को छायाङ्कन गर्नुभएका कार्यकारी निर्माता तथा अभिनेता रवीन्द्रसिंह बानियाँले एकै समयमा तीन दृश्य खिचे । उनले एक साइडमा गीत, अर्कोमा चलचित्रको अन्तिम दृश्य र अर्कोतर्फ केही भीएफएक्स गर्न मिल्ने दृश्य खिचिएको बताए ।


"हामीसँग समय अभाव भएका कारण तीन दृश्य खिच्यौं । तर बेलुकी हुँदै गएपछि उज्यालो (लाइट)को समस्या हुनेरहेछ । त्यतिबेला स्टुडियो भए गज्जब हुन्थ्यो भन्ने नलागेको होइन", अभिनेता बानियाँले भने, "हामीले केही दृश्य सेट निर्माण गरेर खिचेका छौं । चलचित्रको कथाअनुसार बाहिर धेरै खिचिएको छ । खुलामञ्चमा खिच्दा कलाकारले आनन्दित महसुस गरे । किनकि त्यहाँ हाम्रो चलचित्रको समूहबाहेक अन्य थिएनन् ।"

सोही चलचित्रका निर्देशक प्रदीप भट्टराईले तीन दृश्यलाई एकैपटक खिच्नुले समयको बचत भएको बताए । "गीतमा नृत्य निर्देशक भएकाले निर्देशकको धेरै काम हुँदैन । सोही समयमा स-साना दृश्य खिच्न सकिन्छ । तर हामीसँग त्यसका लागि उपयुक्त स्थान वा स्टुडियोको कमी छ । सोही कारण हामीले खुलामञ्च रोजेका थियौँ", निर्देशक भट्टराईले भने ।

विदेशी चलचित्रमा स्टुडियोको सहाराले चाहिने दृश्यलाई प्रविधिको सहायताले दुरुस्तै निर्माण गर्न सकिन्छ । नेपालमा पनि स्टुडियोको आवश्यकता रहेको आवाज बेलाबखतमा उठ्ने गरेको छ । आर्थिक वर्ष २०८०/८१ का लागि प्रस्तुत बजेटमा सार्वजनिक निजी साझेदारीमा दोलखा र काभ्रेको बनेपामा फिल्म सिटी र इन्डोर स्टुडियो निर्माण प्रक्रिया अघि बढाइने उल्लेख गरिएता पनि कामले पूर्णता पाएको छैन । हरेक वर्ष बजेट विनियोजन हुने तर त्यसको प्रभावकारिता नदेखिएको गुनासो चलचित्रकर्मीको छ ।

चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसीले स्टुडियोको समस्यालाई आफूले पनि महसुस गरेको बताए । "हामीले अस्पतालमा कुनै दृश्य खिच्नुपर्‍यो भने बिरामीलाई डिस्टर्व होला भनेर विस्तारै है भन्दै खिच्नुपर्छ । यस्तै धेरै अनुभव छन् । हामी उक्त स्थान निर्माण गरेर छायाङ्कन गर्ने स्टुडियो नहुँदा देखिएका समस्या धेरै छन्", अध्यक्ष केसीले भने, "ती समस्यालाई महसुस गरेर नै स्टुडियोको कामलाई निरीक्षण गरेर छिटो निर्माण गर्न दबाब दिइरहेका छौं । काभ्रेमा स्टुडियो बन्ने सम्भावना देखिएको छ ।"

उनले चलचित्र क्षेत्रमा देखिएको समस्यामा आफूले चाहेर पनि सोचेजस्तो काम गर्न नसकेको स्वीकार्दै नीति बनेपछि समस्या समाधान हुने बताए ।"म पनि यसअगाडि आफ्ना समस्या लिएर बोर्ड नपुगेको होइन । तर नेतृत्व गरेपछि मैले त्यहाँको समस्या बुझेको छु । त्यसका लागि नीति आवश्यक पर्ने भएकाले त्यसमा जोड दिइरहेको छु", बोर्ड अध्यक्ष केसीले भने, "नेपाली चलचित्र विदेशीझैँ प्रतिस्पर्धामा उत्रिन विदेशी लगानी ल्याउनेमा जोड दिइरहेका छौं । बोर्डले शतप्रतिशत नभए पनि केही लगानी ल्याउने वातावरण निर्माण गर्न पहल गरिरहेको छ ।"



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# कारबाहीमा किन ढिलाइ ?

वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंहले गैर सन्तानलाई वंशजको आधारमा नागरिकता दिलाएको विषय सावित भइसकेको छ। जिल्ला प्रशासन कार्यालयले राजेशमान सिंह पिता रहेको एकजना किशोरीको नागरिकता सार्वजनिक भइसकेको छ । त्यो नागरिकताको प्रतिलिपि बनाइएको पनि सार्वजनिक भइसकेको छ। त्यो नागरिकताको आधारमा नेपाली राहदानी बनाएर किशोरी विदेश गइसकेकी छन् । नागरिकता सम्बन्धी सम्पूर्ण विवरण जिल्ला प्रशासन कार्यालय पर्सामा हुनैपर्छ । जिल्ला प्रशासन कार्यालय पर्साबाट जारी भएको नागरिकताको प्रमाण त्यो कार्यालयले अन्यत्र खोज्नै पर्दैन । पर्याप्त प्रमाण नपुग्दा नागरिकता नदिने जिप्रकाले राजेशमान सिंह पिता रहेको नागरिकताको कागजात खोज्न दुई महिना बढी लागिसक्यो। राजेशमान सिंहले अनेक सरकारी निकायमा भरेको व्यक्तिगत विवरणमा एकमात्र सन्तान छोरा उल्लेख गरेका छन्। तर उनले पिता भएर वंशजको आधारमा छोरीलाई नेपाली नागरिकता दिलाएका छन्। सिंह बाहेक पर्सा जिल्लाका अन्य कोही भएको भए त्यसको नागरिकता बदर गरी कानुनी प्रकृया अगाडि बढिसकेको हुन्थ्यो । सन्तान नै नभएको किशोरीको पिता भएर नागरिकता दिलाउनु नेपाली कानुन अनुसार फौजदारी अपराध हो। फौजदारी अपराध लागेका व्यक्ति सार्वजनिक पद धारणका लागि अयोग्य मानिन्छ। मेयर भएकै कारण अथवा श्रेष्ठ भएकै कारण उनलाई जिल्ला प्रशासन कार्यालयले जोगाउन हरसंभव प्रयास गरेको देखिन्छ । जिल्ला प्रशासन कार्यालयले कारबाहीको प्रकृयालाई ओझेलमा पारिएको छ। कारबाहीका लागि सरकारमा प्रदर्शन भइरहेको छ । जिल्ला प्रशासन कार्यालय अगाडि धर्ना दिइरहेका प्रदर्शनकारीहरुको मागलाई उपेक्षा गरिदैछ । नागरिकता सम्बन्धी अपराधमा मेयर सिंहलाई कारबाही गर्न स्थानीयहरुले दवाव दिए पनि स्थानीय प्रशासनले आलटाल गर्नु दूर्भाग्यपूर्ण हो । वीरगञ्ज महानगरपालिकामा नक्कली नागरिकता बनाउनेको संख्या धेरै रहेको अनुमान छ। त्यसमध्ये कयौंलाई कारबाही पनि भएको छ। मेयर सिंहलाई कारबाही गर्न दबाब बढाइए पनि सत्यतथ्य स्थानीय प्रहरी प्रशासनले तत्काल सार्वजनिक गर्नुपर्छ। स्थानीय प्रशासनले नागरिकता सम्बन्धी उजुरी माथिको प्रकृयालाई ढिलाइ गर्नु प्रशासनको नियतमाथि प्रश्न उठेको छ। मुश्किलले केही घण्टा लाग्ने छानबिनलाई कयौं हप्ता लगाउनु दूर्भाग्यपूर्ण हो ।छानबिनमा ढिलाइ गरी गैरकानुनी कार्य गर्ने प्रशासकलाई समेत कारबाहीको दायरामा ल्याउनु पर्छ । प्रशासन कार्यालय पर्साले मेयर सिंहलाई जोगाउन आर्थिक चलखेल गर्न थालेको आरोप समेत लाग्न थालेको छ । स्थानीय प्रशासनले सबै प्रकारको दबाब र प्रभावबाट मुक्त भएर सत्यतथ्य सार्वजनिक गरी दोषी ठहरेमा हदै सम्मको कारबाही गर्नुपर्छ। मेयरले झूठा विवरणको आधारमा गैरकानुनी रुपमा नागरिकता दिलाएको कारबाही हुनुपर्छ।

# पूर्वाधार निर्माण अलपत्र हुँदा स्थानीयवासीलाई सास्ती

**राजकुमार पराजुली**

पछिल्ला केही वर्षदेखि दुर्गम मानिएका काभ्रेपलाञ्चोकको दक्षिणी (महाभारत पर्वत श्रृंखला पारी) क्षेत्रमा पूर्वाधारलगायत विकासमा बजेट विनियोजन गर्न थालियो । बजेट आएपछि प्रक्रियागत ढङ्गबाट विशेषगरी विद्यालय भवन, सडक र पक्की पुलका निर्माण थालिए । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा सूचीकृतमध्ये अतिदुर्गम मानिएका काभ्रेपलाञ्चोकको दुई गाउँपालिका महाभारत र खानीखोलामा सुरु गरिएका पूर्वाधार विकासका काम हाल अलपत्र अवस्थामा रहेको पाइएको छ।

काभ्रेपलाञ्चोक र प्रदेश राजधानीको जिल्ला मकवानपुर जोड्ने पुल निर्माण थालेको सात वर्ष भैसक्यो । काभ्रेपलाञ्चोकको खानीखोला गाउँपालिका-५ र मकवानपुरको बाग्मती गाउँपालिका-५ जोड्ने सिक्रेदोभानस्थित बागमती नदीमा निर्माण सुरु गरिएको पुल निर्माण अलपत्र परेपछि ती स्थानबाट आवतजावत गर्ने दुई जिल्लाका नागरिकले निकै सास्ती व्यहोर्दै आउनुपरेको छ।

दुई वर्षमा निर्माण गर्न सम्झौता गरिए पनि सात वर्षसम्म पुल निर्माणको काम अलपत्र रहेको छ। पुल निर्माणका लागि स्थानीय र प्रदेश सरकारले बारम्बार ताकेता गरिरहेका छन्। पुल निर्माणको ठेक्का लिएको महादेव-शिखर-तामाकोशी-जेभीले समयमा काम सम्पन्न नगरेपछि एक वर्षदेखि प्रदेशस्थित भौतिक पूर्वाधार मन्त्रालयले चालु आर्थिक वर्षभित्र निर्माण सक्न निर्देशन दिएको छ। जेभीसँग भ्याटबाहेक रु ११ करोड ६५ लाखमा ठेक्का सम्झौता गरिएको थियो।

मन्त्री युवराज दुलालले पछिल्लोपटक पुल निर्माणस्थलको अनुगमन गरेपछि निर्माण कम्पनीलाई चालु आवभित्र सक्न निर्देशन दिनुभएको छ। “निर्माण कम्पनीका प्रतिनिधिलाई चालु आवभित्र पुल निर्माण सक्न निर्देशन दिएका छौं, उनीहरुले प्रतिबद्धता पनि जनाएका छन्”, मन्त्री दुलालले भन्नुहुन्छ । उहाँका अनुसार प्रदेश सरकारले पुराना ठेक्का भएका पुल, सडकलगायतका आयोजना चालु आवभित्र निर्माण सम्पन्न गर्ने या ठेक्का तोड्ने भन्ने विषयमा आव २०८०/८१ का नीति तथा कार्यक्रममा नै घोषणा गरिएको छ।

तत्कालीन जिल्ला विकास समितिको कार्यालय मकवानपुरले आर्थिक वर्ष २०७३/७४ मा बोलपत्र आह्वान गरी बाग्मती नदीमा पुल निर्माणको काम अघि सुरु गराएको थियो । दुई वर्षमा सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएको पुल निर्माण नहुँदा काभ्रेपलाञ्चोकको खानीखोला र महाभारत गाउँपालिकाका नागरिकले प्रदेश राजधानी हेटौँडा आवतजावत गर्न सास्ती व्यहोर्नुपरेको महाभारतका अध्यक्ष कान्छालाल जिम्बाले बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, “पुल नबन्दा दुई गाउँपालिकाका नागरिकले निकै सास्ती खेप्नुपरेको छ, निर्माण भएपछि प्रदेश राजधानी हुटौँडा पुगेर काम सम्पन्न गरी साँझ घर आइपुग्ने अवस्था रहन्छ।”

निर्माण सुरु भएदेखि हालसम्म मकवानपुरतर्फ पिल्लर उठाउने, नदीको बीचमा ‘पाइलिङ’को काम र काभ्रेपलाञ्चोकतर्फ बस्ने पिल्लरको पाइलिङको काम सुरु गरिएको छ। निर्माण कम्पनीका प्रतिनिधि खड्ग गोपालीले हालसम्म पुल निर्माणको ३० प्रतिशत काम सकिएको दाबी गर्नुभएको छ। उहाँका अनुसार आउँदो फागुन मसान्तसम्म पिल्लर उठाउने काम सकेर मकवानपुरतर्फको एउटा ल्याब ढलान गरिनेछ।

काभ्रेपलाञ्चोकको दक्षिणी क्षेत्रस्थित डाँडापारी (महाभारत पर्वत श्रृंखला पारी)मा रहेको महाभारत र खानीखोला गाउँपालिकाका नागरिक किनमेलका लागि काभ्रेपलाञ्चोकको सदरमुकाम धुलिखेललगायत बनेपा, पनौती आउनभन्दा मकवानपुरको हेटौँडा नजिक पर्दछ । यसकारण पनि यहाँका दुई गाउँपालिकाको नागरिक पुल निर्माण छिटो होस् भन्ने चाहन्छन् । “दुई घण्टामा खानीखोलाको केन्द्र तालढुङ्गाबाट प्रदेश राजधानी हेटौँडा पुगिन्छ, त्यसैले यहाँको पुल बन्दा हामीलाई सजिलो हुन्छ”, तालढुङ्गाका रामप्रसाद तिमल्सिनाले भन्नुभयो।

निर्माण व्यवसायी गोपालीले सडक नै नभएको स्थानमा पुल निर्माणको ठेक्का लगाइएकाले सामग्री ढुवानीका लागि पहिला सडक बनाउँदा केही ढिलाइ भएको बताउनुहुन्छ । उहाँका अनुसार पुल निर्माण हुने स्थानसम्मका लागि साडे पाँच किलोमिटर पहुँच सडक खन्ने क्रममा पुल निर्माण गर्ने दुई वर्षको समय सकिएको थियो । यस्तै यस्तै तत्कालीन जिविस खारेज भएपछि दश महिना अन्योल रहेका कारण पनि पुल निर्माणको काम समयमा नै सुरु गर्न नसकिएको अर्का व्यवसायी विजय थापाको भनाइ छ।

यस्तै खानीखोला गाउँपालिका-५ तालढुङ्गामा निर्माण सुरु गरिएको १० शय्याको आधारभूत अस्पताल डेढ वर्षदेखि अलपत्र अवस्थामा रहेको छ। विसं २०७८ असार २९ गते एक बर्षमा सक्नेगरी सम्झौता गरिएको सो अस्पताल बजेट अभावमा अलपत्र अवस्थामा रहेको हो। अस्पताल निर्माणपछि नजिककै उपचार गर्न पाउने आशामा बसेका स्थानीय उपचारका लागि सदरमुकाम आउनुपर्ने बाध्यता रहँदै आएको छ। स्थानीयस्तरमा उपचार अभावकै कारण मृत्युको मुखमा पुग्न बाध्य हुनुपरेको स्थानीयवासीको गुनासो गर्दै आएका छन् । “अस्पताल नभएकै कारण स्थानीय नागरिकले अकालमै ज्यान गुमाउनु परेको छ”, गाउँपालिकाका अध्यक्ष इन्द्रबहादुर थिङ भन्नुहुन्छ। उहाँका अनुसार कच्ची सडक बर्षायाम वा अन्य कारण सडक बन्द हुँदा एम्बुलेन्स जान सक्दैन र नजिकै अस्पताल छैन।

निर्माणाधीन अवस्थामा रहेको अस्पताल दुई तला बनेपछि अलपत्र रहेको हो । उक्त अस्पताल निर्माण कार्य बहुवर्षीय बजेटमा समावेश गर्नुपर्ने थिङको भनाई छ। चालु वर्षमा प्रदेश सरकारमार्फत विनियोजित रु तीन करोड बजेट अझै निर्माण ब्यवसायीलाई भुक्तानी नहुँदा निर्माणको कामलाई निरन्तरता नदिएको बताइयो । अध्यक्ष थिङका अनुसार चालु वर्षमा निर्माण व्यवसायीको रकम भुक्तानी गरी थप कार्यका लागि बजेट विनियोजन हुँदा मात्रै अस्पताल बन्ने कुराको सुनिश्चित हुन्छ।

तत्कालीन नेकपा नेतृत्वको सरकारले देशभरका स्थानीय तहमा आधारभूत अस्पताल निर्माणको कार्य प्राथमिकतामा राखेसँगै तालढुङ्गा स्वास्थ्य चौकीलाई आधारभूत अस्पतालका रूपमा विकास गर्ने गरी १० शैय्याको अस्पताल निर्माणकार्य सुरु गरिएको थियो। तुन्दी-जम्बुदीप जेभी निर्माण कम्पनीले खानीखोला गाउँपालिकाको आधारभूत अस्पताल निर्माणका लागि रु १२ करोड ५४ लाखमा सम्झौता गरेको थियो । निर्माण व्यवसायीलाई कार्य सम्पन्न गरेका आधारमा रु दुई करोड पचास लाख भुक्तानी गरिएको जनाएको छ।

पहाडी क्षेत्र भएका कारण खानीखोलाबाट सदरमुकाम आउने कच्ची सडक सामान्य वर्षामा पनि अवरोध हुने गर्दछ । खानीखोला मकवानपुर जिल्लाबाट नजिकै भएपनि वाग्मती खोलामा २०७३ सालमा ठेक्का लगाइएको पुल निर्माण नहुँदा आवतजावतमा निकै कठिनाई छ । यस गाउँपालिकामा सुत्केरी महिला उत्थान कार्यक्रम लागू नहुँदा छिमेकी महाभारत गाउँपालिकामा ल्याई सुत्केरी हुन नसकेका महिलाको उद्धार गर्नुपर्ने बाध्यता रहँदै आएको छ।

यसैगरी जिल्लाको दुर्गम डाँडापारी क्षेत्रकै महाभारत गाउँपालिकामा भूकम्पपछिको पुनःर्निर्माणअन्तर्गत निर्माण सुरु गरिएका तीन विद्यालय भवनको काम अलपत्र परेको छ । एसियाली विकास बैङ्क (एडिबी)को ऋण सहयोगमा डिआरएसपी-३ अन्तर्गत पुनर्निर्माण सुरु गरिएका ती विद्यालय भवन निर्माणको काम अलपत्र परेको हो । डिआरएसपी-३ अन्तर्गत महाभारत गाउँपालिका-१ को गोकुल मावि, वडा नं २ कुपिन्टारस्थित कालीदेवी मावि र वडा नं ८ घर्तीछापस्थित जनकल्याण माविको भवन पुनर्निर्माण सुरु गरिएको थियो।

महाभारत गाउँपालिकामा रहेका तीन वटा विद्यालय भवन पुनर्निर्माणका लागि २०७८ साल कात्तिक ५ गते केन्द्रीय आयोजना कार्यान्वयन एकाइ (सिएलपियुआई) र टिडिआई-आशिष निर्माण सेवा जेभीबिच सम्झौता भएको थियो । डेढ वर्षभित्र विद्यालय भवन निर्माणको काम सम्पन्न गर्ने सहमति भए पनि सम्झौता भएको दुई वर्ष बितिसक्दा हालसम्म कुनै पनि विद्यालयको काम ६० प्रतिशतभन्दा माथि हुन सकेको छैन । केन्द्रीय आयोजना कार्यान्वयन एकाइका इन्जिनियर अशोक अधिकारी एशियाली विकास बैङ्कको ऋण सहयोगमा डिआरएसपी-३ अन्तर्गत पुनःर्निर्माण सुरु गरिएका विद्यालय निर्माणमा ढिलाइ भएको बताउनुहुन्छ।

उहाँका अनुसार डेढ वर्षमा सक्नुपर्ने काम नसकिएपछि निर्माण व्यवसायीलाई मार्च अन्तिम अर्थात् चैत १८ गतेसम्मको म्याद दिइएको छ । “निर्माण व्यवसायीलाई मार्च महिनाभित्र काम सम्पन्न गर्ने ताकेता गरेका छौं, निर्माण व्यवसायीबाट मार्च महिनाभित्र ९० प्रतिशत काम सम्पन्न गर्ने प्रतिबद्धता आएको छ, यदि मार्च महिनाभित्र काम सम्पन्न नगरेको खण्डमा कानुनबमोजिम कारबाही गर्ने छौ,” इन्जिनियर अधिकारीले भन्नुहुन्छ। विद्यालय भवन निर्माणको कामका विषयमा एडीबीलेसमेत ताकिता गरिरहेको छ। ई.अधिकारीले निर्माण व्यवसायीले हालसम्म गोकुले माविको ६० प्रतिशत, जनकल्याण माविको ५५ प्रतिशत र कालीदेवी माविको ३८ प्रतिशत काम सम्पन्न गरेको प्रतिवेदन बुझाएको बताउनुभयो । उहाँले निर्माण व्यवसायीले अन्यन्त्र जिल्लामा लिएको विद्यालय पुनर्निर्माणको काम सकिएकोले अब महाभारतमा निर्माण भइरहेका विद्यालयको काम गर्ने प्रतिबद्धता गरेको बताउनुभयो।

गोकुले माविका प्रधानाध्यापक पदमप्रसाद तिमल्सिनाले पछिल्लो एक वर्षदेखि विद्यालय भवनको काम अलपत्र रहेको बताउनुहुन्छ । उहाँले विगत एक वर्षदेखि विद्यालय निर्माणको काम नहुँदा विद्यालयका लागि आवश्यक पर्ने खेल मैदानसमेत अभाव भएको बताउनुभयो। उहाँले कक्षाकोठा पर्याप्त नहुँदा साना कक्षाका विद्यार्थीलाई एउटै कक्षामा राखेर पढाउनुपर्ने बाध्यता रहेको बताउनुभयो।

निर्माण व्यवसायी टिडिआई-आशिष निर्माण सेवा जेभीले नौ करोड एक लाख लागत स्टिमेट रहेको गोकुले माविमा रु पाँच करोड ७६ लाख, नौ करोड आठ लाख लागत स्टिमेट रहेको जनकल्याण माविमा रु पाँच करोड ७७ लाख र १० करोड ७८ लाख लागत रहेको कालीदेवी माविमा रु छ करोड ७८ लाखमा ठेक्का हालेको थियो। निर्माण व्यवसायीले हालसम्म गोकुले माविको कामबापत रु दुई करोड ४६ लाख, जनकल्याणको कामबापत रु दुई करोड ४९ लाख र कालीदेवीको कामबापत रु एक करोड ७२ लाख रकम भुक्तानी लिएको केन्द्रीय आयोजना कार्यान्वय एकाइले जनाएको छ्।

त्यस्तै महाभारत गाउँपालिकाको तिनखुट्टे-देवीटार सडक खण्डको ८ दशमलव ७ किलोमिटर सडकखण्ड निर्माण करिब डेढ बर्षदेखि अधुरो अवस्थामा रहेको छ। कालोपत्रे गर्नेकार्य सम्झौता अवधि सकिएको १७ महिनासम्म सम्पन्न हुन नसक्दा स्थानीयले सदरमुकाम धुलिखेल आवतजावतमा निकै कठिनाइ भोग्नुपरेको छ । निर्माण व्यवसायीको लापर्वाही तथा ढिलासुस्तीका कारण वर्षात्को समयमा चार महिनासम्म सो सडक अवरुद्ध बनेको स्थानीयले बताएका छन्।

विसं २०७९ असार मसान्तसम्म अवधि रहेको सो सडकखण्ड निर्माणको ठेक्का लिएको श्रेष्ठ सक्षम जेभी कम्पनीलाई पटक-पटक मौखिक र लिखित रुपमा ताकेता गर्दा वेवास्ता गरेको गाउँपालिका अध्यक्ष जिम्बाले बताउनुभयो। उहाँका अनुसार जिल्ला प्रशासन कार्यालय तथा पूर्वाधार विकास कार्यालयलाई पनि जानकारी गराइएको थियो । मङ्गलटर-चारकिल्ला-तिनखुट्टे-बनखु सडक आयोजनाको २०७७ असोज २० गते बाग्मती प्रदेशका तत्कालीन मन्त्री रामेश्वर फुँयालले तिनखुट्टेमा शुभारम्भ गर्नुभएको थियो।

सडक अभावमा विकट मानिएको महाभारत गाउँपालिकाको तिनखुट्टे-देवीटार सडक खण्ड स्तरोन्नतिसहित कालोपत्रेका लागि रु ४९ करोड बजेट विनियोजन गरिएको थियो। म्याद सकिदासम्म यस आयोजनको ५० प्रतिशत निर्माण कार्य भएको जनाइयो । यस सडक खण्डको स्तरोन्नतिअर्न्तगत नाली निर्माण, रिटेनिङ्ग पर्खाल, ग्याबिन पर्खाल, कजवे, कल्भर्टलगायतका संरचनासँगै ३० एमएमको कालोपत्रे गरिने योजना बनाइएको थियो । यी सडकहरु निर्माण सम्पन्न भएपछि महाभारत क्षेत्रको विकास र समृद्धिमा थप मद्दत पुग्ने अपेक्षा गरिएको छ।

# सकिएकै हो त इतिहास अध्ययनको औचित्य ?



राजकुमार दिक्पाल

असाध्यै उपेक्षित विषय हुन पुगेको छ, यतिखेर इतिहास विषय। हुन त त्रिभुवन विश्वविद्यालयकै मानविकी तथा सामाजिकशास्त्र सङ्कायको कतिपय विभागमा पढ्ने विद्यार्थीभन्दा पढाउने प्राध्यापकहरुको सङ्ख्या बढी छ। बढो मुस्किलले घस्रदै यात्रा गरिरहेका त्रिविको केन्द्रीय विभागमध्ये इतिहास विभाग पनि एक हो।

कुनै समय समय इतिहास एक लोकप्रिय विषय थियो । त्रिविले प्रमाणपत्र तह हटाएसँगै इतिहास पढ्ने विद्यार्थीहरुको सङ्ख्या पनि स्वात्तै घट्यो। दश जोड दुई (प्लस टू) पढाउने कलेजहरुको प्राथमिकतामा इतिहास विषय परेन । कलेजहरुकै उपेक्षाको शिकार भएपछि इतिहास विषय अध्ययनतिर विद्यार्थीहरुको रुची घट्नु स्वभाविक हो। स्नातक तहमा पुग्दा प्लस टूमा नपढेको विषयतिर विद्यार्थीको के ध्यान जान्थ्यो ? स्नातक तहमा विद्यार्थीको अभाव झेलेको विश्वविद्यालयले स्नातकोत्तर तहमा मनग्य विद्यार्थी पाउने अवस्था नै रहेन । यसरी इतिहास अध्ययन गर्ने विद्यार्थीको चरम अभावका कारण इतिहास विषयका प्राध्यापकहरु फुर्सदिला बनेको देखिन्छ।

### विद्यार्थी अभावको कारण

अभिभावक र विद्यार्थीको प्राथमिकता रोजगारीमुखी विषयतिर बढ्दै गएको छ। अझ प्लस टू सक्नासाथ विदेशमा कमाउँदै पढ्ने सपना देख्ने प्रवृत्ति केही वर्षयतादेखि ह्वात्तै बढेको छ । नेपालमै रहेर इतिहासजस्तो ज्ञानमुखी विषय अध्ययन गरेर देशमा प्राज्ञिक योगदान दिन सकिन्छ भन्ने सोचको अपेक्षा विद्यार्थीहरुबाट गर्नु मृगतृष्णाजस्तो हुन पुगेको छ।

इतिहास पढेका अग्रजपुस्ताले इतिहास विषयलाई जुन ढङ्गले आकर्षक विषय बनाउन पर्ने हो, अपेक्षाकृत त्यसो सकेनन् । राज्यले इतिहास अनुसन्धानमा लगानी गर्न नसक्दा इतिहास विषयमा उच्च शिक्षा लिएका पुस्ताले पनि काम पाउन सकेनन् । इतिहास पढ्नेहरुको यस्तो अवस्था देख्ने नयाँ पुस्तालाई इतिहास विषयले कसरी आकर्षण गर्न सक्थ्यो ?


देशको राजनीतिक परिवेशले पनि अनेकौं मोड लियो । राणाकालको कुरा छाडौं, पञ्चायतकालभरि इतिहास विषयमा राजा महाराजाको महिमा मण्डनले प्राथमिकता पायो। अभिव्यक्ति स्वतन्त्रता कुण्ठित भएको त्यो समयमा राजा महाराजाका गल्ती कमी कमजोरी औल्याउने र जनताको वास्तविक इतिहासलाई व्यवस्थित गर्ने कार्य निषेधित जस्तै थियो। महत्त्वपूर्ण ऐतिहासिक कागजपत्रहरु राजदरबारको नियन्त्रणमा थिए । त्यस्ता कागजपत्र अध्ययन गर्न राजदरबारको विशेष कृपाको आवश्यकता पर्थ्यो।

प्रजातन्त्रकालमा पनि इतिहास विषयमा राजा महाराजाको महिमा मण्डनले नै प्राथमिकता पाइरहदा खासगरी सरकारी कलेजहरुमा इतिहास विषय अध्ययन गर्ने विद्यार्थीको खासै अभाव थिएन। तर मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा पुग्दासम्म विद्यार्थीमाझ इतिहास विषय पूरै अलोकप्रिय अवस्थामा पुग्यो।

### इतिहास : भविष्यको आधार

नेपाली युवा पुस्तामा विदेशी प्रभावको जरो दिनदिनै गहिराइमा पुगिरहेछ । खानपान, फेसन, गीत सङ्गीत आदिमा मात्र होइन; चिन्तनमा समेत विदेशी प्रभाव पर्न थालेपछि युवा पुस्तामा देशभक्ति भाव क्रमशः कमजोर हुन थालेको अनुभव हामीले गरिरहेका छौं । युवा पुस्ताले पूर्वजको पौरखलाई एकादेशको कथाजस्तो सोच्न थालिसकेका छन् । भविष्यमा देश हाँक्ने पुस्तामा देशभक्ति भाव कमजोर हुँदै जानु राम्रो सङ्केत होइन।

इतिहास विषयको अध्ययनबाट आफ्ना पूर्वजको गौरवबारे ज्ञानलाभ गर्न सकिन्छ। विगतको अवस्थाको अनुशीलनले वर्तमान अवस्थामा त्यसले पारेको प्रभावको ज्ञानलाभ गरी भविष्यमा अपनाउनु पर्ने सतर्कताबारे पनि सचेत गराउँछ। देश कसरी निर्माण भयो, विगतमा देश



कस्तो थियो ? यस्ता विषयमा छलफल गर्न पनि इतिहास विषयले सहज बनाउँछ । समग्रमा इतिहास विषयले देशभक्ति भाव बढाउँछ।

इतिहास विषय केवल राजा महाराजाको महिमामण्डन होइन । विगतको कमजोरीहरु केलाउने र निफन्ने महत्त्वपूर्ण साधन पनि हो, इतिहास विषय। उदाहरणका लागि, आफ्नो स्वास्थ्य समस्या लिएर कुनै चिकित्सक कहाँ पुगेको एक विरामीको विषयमा कुरा गरौं। उनलाई चिकित्सकले सम्बन्धित स्वास्थ्य समस्या पहिले पनि भएको थियो कि थिएन भनेर सोध्छ। यस्तो समस्या उनका बाबुआमा वा परिवारका कोही कसैलाई पनि भएको थियो भनेर पनि सोध्छ। पहिले सेवन गर्ने गरेको औषधीका बारेमा पनि सोध्छ। अर्थात ती बिरामीको इतिहास सोध्छ।

अझ विगतमा स्वास्थ्य परीक्षण गराएको रिपोर्टहरु छन् भने त चिकित्सकलाई सम्बन्धित बिरामीको रोग निदान गरी उपचारको सिफारिस गर्न सजिलो हुन्छ। भन्नुको अर्थ, देशमा विगतमा भएका सबै समस्याको चित्रण इतिहास विषयमा आउँछ। ती समस्याका कारण वर्तमानले झेल्न परेको परिस्थितिबारे ज्ञान दिन्छ इतिहास विषयले। त्यहीँ ज्ञानको आधारमा हामीले देशको समस्याको अन्त्य गरेर उज्यालो भविष्य निर्माण गर्न सक्छौं।

हामी नेपालमा बारम्बार आउने जाने भूकम्पलाई पनि उदाहरणका रुपमा लिन सक्छौं। भूकम्प किन आउँछ ? यस विषयमा भूगर्भशास्त्रीहरुले पत्ता लगाएकै छन्। तर भूकम्प कहिले आउँछ भन्ने विषयमा भूगर्भशास्त्रीहरुले आजसम्म पत्ता लगाउन सकेका छैनन् । यस विषयमा थाहा पाउने एउटै माध्यम हुन पुगेको छ इतिहास। हरेक ५० वर्षको अन्तरालमा नेपालमा ठूलो भूकम्प आउँछ भन्ने ऐतिहासिक अभिलेखअनुसार नै यसबारे सतर्कता अपनाउन विज्ञहरुले सुझाव दिदै आएका छन्।

हालै जाजरकोट र रुकुममा आएको विनाशकारी भूकम्पबारे विज्ञहरुले त्यहीँ इतिहासको आधारमा सचेत गराउँदै आएका थिए । पश्चिम नेपालका नागरिकहरुले विगत पाँच सय वर्षयतादेखि यस्तो विनाशकारी भूकम्पको अनुभव गर्न पाइरहेका थिएनन् । दार्शनिक भोल्तेयर इतिहास विषयमा भन्छन्,“विगतका तथ्यहरुलाई सङ्कलन गरेर रोचक पाराले प्रस्तुत गर्नु मात्रै इतिहास होइन, इतिहास त भविष्य हेर्ने आँखा हो।”

### इतिहास र पर्यटन

सुन्दर हिमलस्कर मुस्कुराउने देश हो नेपाल । विविधतायुक्त सुन्दर देश भएकै कारण नेपाललाई पूर्वको स्वीट्जरल्याण्ड पनि भनिन्छ । पर्यटकहरु भौगोलिक र प्राकृतिक सुन्दरताको रसस्वादन गर्न त आउँछन् नै, स्थानीय जनजीवन, संस्कृति र पुरातत्वको ज्ञानको भोक पनि उनीहरुमा हुने गर्छ । पर्यटकहरुलाई स्थानीय जनजीवन, संस्कृति र पुरातत्वको ऐतिहासिक ज्ञानले परिपूर्ण बनाउनका लागि पनि इतिहास अध्ययन गर्नैपर्छ। इतिहास जति प्राचीन हुन्छ, पर्यटकहरुलाई त्यसले थप आकर्षित बनाउँछ।

नेपालमा अनेकौं ऐतिहासिक र पुरातात्त्विक सम्पदाहरु छन् । यी सम्पदाहरु नेपाली सभ्यता विकासको पारिचयक हुन्। यी सम्पदाहरुको ऐतिहासिक विकासक्रमबारे प्रकाश पारेर पर्यटकहरुलाई सन्तुष्ट पार्नका लागि सम्बन्धित विषयको इतिहासबारे ज्ञान हुनैपर्छ । यस्ता सम्पदाहरुको इतिहास अध्ययन गरी यसको प्रकाशन र प्रचारले पर्यटकहरुलाई आकर्षित गर्न सकिन्छ। नेपालको इतिहास अध्ययन गर्न विगतमा प्रशस्तै विदेशी विद्वानहरु नेपाल आएर नेपालको इतिहास लेख्न भ्याए । नेपालमा लेख्न बाँकी इतिहासप्रति आकर्षण बढाएर प्राज्ञिक पर्यटन प्रवर्द्धनमा पनि इतिहास विषयले महत्वपूर्ण भूमिका निभाउन सक्छ।

### अन्त्यमा

अब इतिहास विषय राजा महाराजाको महिमा मण्डन मात्रै होइन भन्ने धारणालाई ब्यापक बनाउन अत्यावश्यक भएको छ। हिजोको जुन राजनीतिक व्यवस्था थियो र त्यसले इतिहास विषयलाई कतिसम्म समेट्ने भन्ने सिमा निर्धारण गरिदिएको थियो। अबको परिवेश त्यस्तो छैन। इति-ह-आस शब्दको सश्लेषणबाट इतिहास शब्द बनेको छ। इति भनेको ‘यस्तो’ ह भनेको ‘पक्का’ र आस भनेको ‘थियो’ भन्ने अर्थ लाग्छ।

हिजो राजा महाराजाको जुन प्रकारले महिमा मण्डन गर्दै इतिहास शब्दकै मर्मलाई बिर्सेर लेख्नु पर्ने बाध्यता थियो, अब त्यो परिस्थिति पनि छैन। जे सत्य हो, जतिसुकै तीतो भए पनि त्यो लेख्ने हो। आशा गर्न सकिन्छ। इतिहास विषयले पुनर्जीवन पाउने पक्का छ।

*(लेखक इतिहास अध्ययन र लेखनमा सक्रिय हुनुहुन्छ)*

## स्पा व्यवसायलाई व्यवस्थितरूपमा सञ्चालन गर्नुपर्ने : श्रेष्ठ



**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसका नेता एवं पूर्वउपप्रधानमन्त्री गोपालमान श्रेष्ठले स्पा व्यवसायलाई पर्यटन स्वास्थ्यका रूपमा विकास गर्नुपर्ने बताएका छन् । स्पा सङ्घ नेपालको तेस्रो वार्षिकोत्सव एवं अधिवेशनको विहिबार उद्घाटन गर्दै उनले स्पा व्यवसायलाई व्यवस्थितरूपमा सञ्चालन गर्नुपर्ने उल्लेख गरे ।

"स्पा व्यवसायलाई समाजले हेर्ने दृष्टिकोण नकारात्मक छ, यसलाई चिर्नका लागि यस क्षेत्रमा कार्यरत कर्मचारीलाई आवश्यक तालिम प्रदान गरी व्यावसायिकरूपमा अगाडि बढाउन जरुरी छ", नेता श्रेष्ठले भने । सरकारले दक्ष जनशक्ति उत्पादनमा जोड दिनुपर्ने उनको भनाइ थियो ।

काठमाडौँ महानगरपालिका-२६ का वडाध्यक्ष ख्यामराज तिवारीले मुलुकको अर्थतन्त्रको बलियो आधार स्पा क्षेत्र भएकाले यसलाई मर्यादित ढङ्गले सञ्चालन गर्नुपर्ने बताए । "स्पा क्षेत्रमा भएको विकृति विसङ्गति अन्त्यका लागि स्पा सङ्घले पहल गर्नुपर्छ", उनले भने । स्पा व्यवसायलाई व्यवस्थित र मर्यादित ढङ्गले सञ्चालन गर्न वडा कार्यालय तयार रहेको उनको भनाइ थियो ।

ठमेल पर्यटन विकास परिषद्का अध्यक्ष भविश्वर शर्माले पर्यटन र स्पा व्यवसायलाई सँगसँगै अगाडि बढाउनुपर्ने बताए । पर्यटन व्यवसायी कर्ण शाक्यले अलग, फरक र मौलिकपन भए मात्र पर्यटन प्रवर्द्धन हुने बताए । "अहिले संस्कृति र प्रकृतिमार्फत मुलुकको पर्यटन प्रव्द्धन गरिँदै छ, अब स्पामार्फत पर्यटन प्रवर्द्धनमा लाग्नुपर्छ", उनले भने । स्पा व्यवसायी रामदेव महतोले प्राकृतिक आयुर्वेद चिकित्साको रुपमा स्पा क्षेत्रलाई सरकारले अगाडि बढाउनुपर्नेमा जोड दिए ।

स्पा सङ्घ नेपालका अध्यक्ष शुभलाल थिङले स्पा क्षेत्रमा देखिएका समस्यालाई समाधान गर्न सङ्घ लागिपरेको बताए । विसं २०७८ मा स्थापना भएको सङ्घमा हाल दुई दर्जनभन्दा बढी स्पा व्यवसायी आबद्ध छन् । कार्यक्रममा स्पा क्षेत्रमा लामो समय योगदान दिएका काठमाडौँ स्पाका सञ्चालक निलप्रसाद मिश्र र रियल थेरापी तथा ब्यूटी प्वाइन्टका सञ्चालक भविश्वर शर्मा र ट्याङ्कुलिटी स्पाका सञ्चालक रामेश्वर फैजुलाई सम्मान गरिएको थियो ।

# मुख्यमन्त्रीहरूको चासोलाई सम्बोधन गर्न प्रधानमन्त्रीको निर्देशन

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सङ्घीयता कार्यान्वयनको सवालमा प्रदेश सरकारका मुख्यमन्त्रीहरूले व्यक्त गरेको भावना यथाशीघ्र सम्बोधन गर्न सङ्घीय सरकारका मन्त्रीहरूलाई निर्देशन दिएका छन् ।



प्रधानमन्त्री दाहालको अध्यक्षतामा सिंहदरबारमा विहिबार उनीसहित मन्त्रिपरिषद्का सदस्यहरुसँग सातै प्रदेशका मुख्यमन्त्रीको बैठक बसेको थियो । सो अवसरमा प्रधानमन्त्री दाहालले भने, "सङ्घीयताको सुदृढ कार्यान्वयन हामी सबैको साझा जिम्मेवारी हो । यहाँहरूले मुख्यमन्त्रीको चिन्ता र चासो बुझ्नु नै भयो । त्यसलाई गम्भीरतापूर्वक लिनुस् ।" मुख्यमन्त्रीहरूको सक्रियताबाट सङ्घीयता कार्यान्वयनमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्दै प्रधानमन्त्री दाहालले आफ्नो नेतृत्वको सरकारले सङ्घीयता कार्यान्वयनलाई विशेष प्राथमिकता दिएको स्पष्ट पारे ।

छलफलमा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सङ्घीयता कार्यान्वयनका सन्दर्भमा प्रधानमन्त्री दाहालको अग्रसरतालाई गम्भीररूपमा लिँदै सङ्घीय मन्त्री र सांसद पनि उत्तिकै जिम्मेवार हुनुपर्ने बताए । कोरला नाका सञ्चालनमा प्रधानमन्त्री दाहालले लिएको पहलका लागि धन्यवाद दिँदै उहाँले मुग्लिन-पोखरा र नारायणगढ-बुटवल सडक समयमै निर्माणका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको ध्यानाकर्षण गराए ।

मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले छिमेकी मुलुक भारतसँग जोडिएका छोटी भन्सार कार्यालय सञ्चालनका लागि अर्थ मन्त्रालयसँग आग्रह गरे । मधेस प्रदेशमा सिँचाइ र खानेपानीको चर्को समस्या रहेको उल्लेख गर्दै उनले ती समस्या समाधान गर्न सङ्घीय सरकारले पहल लिनुपर्नेमा जोड दिए । मुख्यमन्त्री यादवले भने, "सङ्घ र प्रदेशको संयुक्त लगानीमा सिँचाइ आयोजना सञ्चालन गरौँ, तराई-मधेसमा उत्पादकत्व बढाऔँ ।"

कर्णाली प्रदेशका मुख्यमन्त्री राजकुमार शर्माले सङ्घीयता कार्यान्वयनमा देखिएका ढिलासुस्तीका सम्बन्धमा समीक्षा गर्नुपर्ने आवश्यकता औँल्याए । कर्णाली प्रदेशमा अझै विद्युतीकरणको समस्या रहेको, सिँचाइको भरपर्दो व्यवस्था हुन नसकेको र दूरसञ्चार सेवा कमजोर रहेको उल्लेख गर्दै उनले यी समस्या समाधानमा सम्बन्धित सङ्घीय मन्त्रालयले ध्यान दिनुपर्ने बताउनुभयो ।

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले सङ्घीयता कार्यान्वयनमा प्रधानमन्त्री दाहालले लिएको पहलको सरहाना गर्दै सोहीस्तरमा सङ्घीय सरकारका मन्त्रीहरूले पनि अग्रसरता दिनुपर्ने बताए । उनले सङ्घीयता लागू गर्न ढिलो हुनुमा केन्द्रिकृत मानसिकता मूलरूपमा जिम्मेवार रहेके उल्लेख गरे । मुख्यमन्त्री शाहले भने, "प्रधानमन्त्रीज्यूको भारत भ्रमणका क्रममा सुदूरपश्चिमको विकासमा महत्वपूर्ण सम्झौता भएका छन् । यो सरकारको पालामा नै सुदूरपश्चिमको विकास प्राथमिकतामा परेको छ । म प्रधानमन्त्रीलाई धन्यवाद दिन्छु ।"बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले सङ्घीय मन्त्रालयले अधिकार छिटो हस्तान्तरण गर्नुपर्नेमा जोड दिँदै भने, "कानुन बनाएर दिनुपर्ने अधिकारका लागि समय लाग्ला । तर, निर्णय गरेर दिनुपर्ने अधिकारमा ढिलाइ गर्नुभएन ।" उनले सङ्घीयता कार्यान्वयनमा कर्मचारी प्रशासनले एकात्मक मानसिकता त्याग्नुपर्नेमा जोड दिए ।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले सङ्घीयता कार्यान्वयनमा प्रधानमन्त्री दाहालले देखाएको सक्रियतालाई सङ्घीय मन्त्रीहरूले पनि अनुशरण गर्नुपर्ने बताए । उनले भने, "सङ्घीयता हामीले नै ल्याएको हो, कार्यान्वयनमा पनि हामीले नै अपनत्व लिनुपर्छ । संविधान निर्माण गर्ने शक्तिहरू नै सङ्घीयता कार्यान्वयनमा लाग्नुपर्छ ।"

कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले सङ्घीयता कार्यान्वयनमा प्रधानमन्त्री दाहालको भावना मन्त्रीहरूले पनि बुझ्नुपर्ने बताए । उनले भने, "सङ्घीयता कार्यान्वयनमा सङ्घीय मन्त्रीज्यूहरूको 'रिपोर्ट कार्ड' जान्न चाहेका छौँ । सङ्घीय मन्त्रीहरूले तल हस्तान्तरण गर्नुपर्ने अधिकारमा ढिलाइ नगर्नुस् ।"

## जसपाको श्रमिक सचेतना अभियान जारी

**टुडे समाचारदाता**

काठमाण्डु । जनता समाजवादी पार्टी (जसपा) नेपालले वैदेशिक रोजगारसँग सम्बन्धित विषयमा सचेतना अभियान सुरु गरेको छ ।

जसपाले वैदेशिक रोजगारसँग जोडिएका समग्र विषयमा नागरिकलाई जानकारी दिने तथा अन्यायमा परेकाहरुलाई आवश्यक परामर्श प्रदान गरी न्याय दिलाउने उद्देश्यले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल परिसरबाट यस्तो सचेतना अभियान सुरु गरेको हो ।

वैदेशिक रोजगारीमा जाने नागरिकका लागि आवश्यक विषयमा जानकारी दिने र यसबाट उनीहरु ठगिनबाट बच्ने भएकाले यो अभियान थालिएको सो पार्टीका प्रचारप्रसार तथा प्रकाशन विभाग प्रमुख पूर्ण बस्नेतले जानकारी दिए । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयबाट अनुमति लिएर सो पार्टीले गत पुस २८ गतेदेखि हरेक शनिबार यो सचेतना कार्यक्रम गरिरहेको छ । यो अभियान आगामी चैत मसान्तसम्म सञ्चालन हुने जानकारी पनि उनले दिए ।

सो पार्टीको भ्रातृ सङ्गठन स्वतन्त्र वैदेशिक स्वरोजार श्रमिक सङ्घको केन्द्रीय समितिको आयोजनामा उक्त सचेतना कार्यक्रम भइरहेको सो पार्टीले जनाएको छ ।वैदेशिक रोजगारीमा जाने नेपाली नागरिक ठगिने गरेका, उनीहरुलाई त्यहाँ पुग्दा आवश्यकपर्ने तालिम या अन्य परामर्श पनि दिने नगरिएको एवं रोजगारीका लागि विदेश जाने नागरिकलाई विमानस्थलको अध्यागमनमा पनि दुःख दिने गरिएको समाचारहरु निकै आएपछि पार्टीले यो अभियान थालेको हो ।

# सिँचाइ र शिक्षामा गुणस्तर निर्वाचन क्षेत्रका प्राथमिकता हुन् : सांसद योगेन्द्र मण्डल

> प्रत्येक व्यक्तिको मनभित्र देवता र दानव दुवै छ । दानवलाई अघि सारिएको खण्डमा नतिजापनि त्यस्तै खालको आउँछ, देउतालाई अघि सारेमा बोलेका कुरा पूरा हुन्छ । त्यो भनेको नियत राम्रो हुनुपर्छ, भ्रष्टाचार नहुने मन हुनुपऱ्यो । नेता हुने पैसा बटुल्ने, कार चढ्ने, सहरमा घर बनाउने प्रवृत्तिमा नियत गयो ।



काठमाण्डु । मुलुकमा प्रजातन्त्र बहाली भएको तीन दशक पूरा भइसक्यो । अझै पनि जनताका आशा र देशको आवश्यकतालाई हामीले सम्बोधन गर्न सकेका छैनौँ । अझै पनि हाम्रा पाइला उल्टो दिशातर्फ उन्मुख छन् । देश निर्माणका लागि कयौँ कुरा बजेटसँग सम्बन्धित हुन्छ । केही बिना पैसा पनि सुधार गर्न सकिन्छ । उहादरणका लागि, सामुदायिक विद्यालयको शिक्षाको गुणस्तर सुधार्न अहिले बजेट चाहिन्न । राज्यले शिक्षकलाई तबल दिइरहेकै छ, विद्यालयका भौतिक संरचना पनि छन् । त्यतातिर ध्यान कसैको गएको देखिन्न । सामुदायिक विद्यालयको अवस्था सबैलाई जगजाहेर छ ।

सरकारले सदनमा प्रस्तुत गरेको नीति तथा कार्यक्रम सुन्दा जति राम्रो छ, कार्यान्वयनको पाटो त्यति नै कमजोर छ । सबैभन्दा मुख्य विषय भनेको देश बनाउने हो भने भ्रष्टाचार न्यूनीकरण हुनुपर्छ । यो क्रमशः घट्दै जानुपर्छ । सुशासन प्रवर्द्धन हुनुपर्छ । जबसम्म भ्रष्टाचारमा संलग्न ठूला व्यक्तिलाई कारबाहीको दायरामा ल्याउन सकिन्न तबसम्म साना खाले भ्रष्टाचार हटाउन सकिँदैन ।

जनताले विश्वास गरेर मलाई सदनमा पुऱ्याए । संसद्मा प्रवेश गरेको एक वर्ष बित्यो । दुःखका साथ भन्नुपर्छ, यसबीचमा मेरा अपेक्षा र जनताको आकांक्षा पूरा हुन सकेनन् । अभाव र महँगीको मारमा परेका जनतालाई कस्तो भएको होला ? हामी अनुमान गर्न सक्छौँ । विगतमा सांसद विकास कोष सञ्चालनमा आयो । पहिले जसले चलायो उसैले विरोध गरेको सुन्छु । पहिलोपटक सदनमा प्रवेश गरेकाले मैले यो कोष चलाउन पाएकै छैन । अरुले गरेको भ्रष्टाचारको आक्षेप र आरोप मलाई पनि पऱ्यो ।

विकास निर्माणको जिम्मेवारी स्थानीय तहलाई छ, जनताले त्यो कुरा बुझेका छैनन् । अर्कोतर्फ निर्वाचनमा पराजित अनुहारलाई यसै कार्यकालमा सदनमा पुऱ्याउन राष्ट्रिय सहमति भएको देखिन्छ । देशको प्रमुख प्राथमिकता कानुन निर्माणमा भने सामान्य सहमति नहुने प्रवृत्तिले गम्भीर प्रश्न उब्जाएको छ । त्यसैले मैले भन्दैआएको छु, सरकार र नेताहरु उल्टो बाटो हिँडिरहनुभएको छ ।

संसद् र संसदीय समितिमा पनि त्यस्तै अनेक खालका विकृति र बेथिति देखिन्छ । सिन्को नभाँचे पनि बैठकका नाममा समितिमा एकै दिन तीनपटकसम्म भत्ता बुझ्ने गरेको सुनिन्छ । जनताको करको पैसा, यस्तो सस्तोसँग दुरुपयोग गरिनु हुन्न । जतिसुकै बैठक बसे पनि दिनमा पटक-पटक भत्ता लिनु भएन । अर्को विडम्बना, कुनै शब्द विशेषमा एउटा व्यक्तिले विरोध गर्छ, दिनभर त्यसैमा अल्मलिइन्छ अनि भत्ता बुझेर घरतर्फ लाग्ने काम हुन्छ । जनप्रतिनिधिले काम नगरी भत्ता लिन मिल्छ ? त्यस्ता विषयमा न मिडिया न नागरिक समाज बोल्छ ।

संसदीय समितिमा बोलेका र गरिएका अधिकांश निर्णय कार्यान्वयनमा जाँदैन । समय त्यतिकै खेर गएजस्तो लाग्छ । दिइएका सुझाव लागू भएमा हामीलाई पनि जोश र जाँगर आउँछ नि । सुझाव कार्यान्वयन नहुने हो भने खाजाखान र भत्ता बुझ्न मात्रै आउन जाँगर लाग्दैन । मजस्ता स्वतन्त्र सांसदका कुरा त्यहाँ सुनिन्न ।

सरकारले नीति तथा कार्यक्रम र बजेटमार्फत आफ्नो कार्यकालमा गर्छु भनेका र बोलेका कुरा कार्यान्वयन गरिदिए पुग्छ । अरु नयाँ केही कुरा गर्नै पर्दैन । कतिपय अवस्थामा सत्तापक्षबाटै कानुन बनाउन सकिएन भनेको सुन्छु, बनाइदिए भइहाल्छ नि । मन्त्री स्वयंले सुशासनका कुरा उठाउँछन्, भ्रष्टाचारमा संलग्नलाई पक्राउ गरे भइहाल्छ नि । एउटै मुद्दामा मुछिएका कर्मचारी जेल बस्न पर्ने राजनीतिक नेता बाहिर आउने कस्तो न्याय ? कर्मचारीलाई मात्र दोष दिने प्रवृत्तिले विकास निर्माणका आयोजना समयमै सक्न चुनौती खडा भएको छ । त्यसको प्रत्यक्ष उदाहरण चालु आर्थिक वर्षको सात महिना बित्यो अहिले विकास बजेट खर्च १० प्रतिशतमा सीमित छ । सरकारले कृषि, खानेपानी, सिँचाइ, मलखाद, ऊर्जा, पर्यटन, रोजगारका क्षेत्रमा विकास गर्छु भनी घोषणा गरेका कुरा लागू होस् । नयाँ कुरा गर्न पर्दैन ।

संसद्मै पनि आफूलाई हाइलाइट गर्न सांसदले स्वयं अनेक क्रियाकलाप देखाउँछन् । हामीजस्ता थोरै सङ्ख्यामा रहेका सांसदले जति नै राम्रा कुरा राखे पनि सुनिन्न । संसदीय प्रणालीमा दल, बहुमत र अल्पमतको कुरा आउँछ । जनताप्रति उत्तरदायी हुने सिलसिलामा कतिपय मन्त्रालयका कोठा र चोटामा दौडन पुग्दा समितिको बैठकमा उपस्थित सङ्ख्या न्यून भएको हो । त्यो सांसदको बाध्यता हो । मेरो मोरङ निर्वाचन क्षेत्र ५ नेपाल-भारत सीमासँग जोडिएको छ । त्यहाँका ९९ प्रतिशत जनता कृषि कर्ममा संलग्न छन् । त्यहाँ गरिबी र बेरोजगारीको मार त्यतिकै छ । रोजीरोटीको समस्या छ । राज्यबाट घोषणा भएका सेवासुविधा कतिपय अवस्थामा कानुनको अभावमा प्राप्त हुन सकेको छैन । त्यस क्षेत्रका जनतालाई कानुनभन्दा विकास प्राथमिकता छ ।

मतदाताले मलाई कानुनभन्दा विकासको कुरा बढी सोध्छन् र माग गर्छन् । मेरो निर्वाचन क्षेत्रको पहिलो प्राथमिकता सिचाई र शिक्षाको गुणस्तरसुधार हो । विद्युतीकरण नभएकाले सिँचाइ महँगो छ । शिक्षामा गुणस्तर सुधार गर्न कक्षा १ देखि पहल हुनुपर्छ । भएका साधनस्रोतको सही सदुपयोग गर्नुपर्छ । त्यस क्षेत्रको ठूलो क्षमता र तागत भनेको जमीन र श्रमशक्ति भएकाले सदुपयोग गर्न भरमग्दुर प्रयासमा छु ।

विश्वमा प्रचलनमा रहेका विभिन्न निर्वाचन प्रणालीका तुलनामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली नै सही छ । प्रत्येक व्यक्तिको मनभित्र देवता र दानव दुवै छ । दानवलाई अघि सारिएको खण्डमा नतिजापनि त्यस्तै खालको आउँछ, देउतालाई अघि सारेमा बोलेका कुरा पूरा हुन्छ । त्यो भनेको नियत राम्रो हुनुपर्छ, भ्रष्टाचार नहुने मन हुनुपऱ्यो । नेता हुने पैसा बटुल्ने, कार चढ्ने, सहरमा घर बनाउने प्रवृत्तिमा नियत गयो । प्राकृतिक, सांस्कृतिक र भौगोलिकरुपमा सुन्दर देश नेपालाई गरिब बनाई राखेर चलखेल गर्न सकिन्छ भन्ने बाहिरियाको सोच र नेतामा दूरदर्शिताको कमीकाकारण समृद्धिको यात्रामा बाधा परिरहेको छ । कतिपय जनतालाई ढाँटेर, छलकपट गरेर तथा बाहुबलीका आडमा नेता बनेकाले पनि जनहितमा काम हुन सकेन । भारतबाट बर्सेनि रु ३३ अर्बको रासायनिक मल खरिद गरिन्छ । तीन वर्षमा नेपालमै मलखाद बनाउने कारखाना खोल्न सकिन्छ, र विदेशबाट मलखाद ल्याउनै पर्दैन ।

मैले आफ्नो जमिनमा नयाँ प्रविधि अपनाएको छु, त्यसबाट राम्रो उत्पादन भइरहेको छ । शिक्षामा गुणस्तर सुधार्न निर्वाचन क्षेत्रमा रहेका ८५ सरकारी विद्यालयमध्ये २५ वटामा अङ्ग्रेजी माध्यमबाट पढाइ सुरुआत गरिसकिएको छ । आगामी तीन वर्षभित्र पूर्णरुपमा कार्यान्वयनमा जान्छ । गरिबी घटाउन स्वरोजगार कार्यक्रमअन्तर्गत परेवा पालनलाई प्रोत्साहन गरेको छु । यसबाट पनि पछि परेका जाति र समुदायको जीवनस्तर उकास्न सकिन्छ । दलित ऋषिदेव समुदायलाई दश जोर परेवा पाल्न प्रतिपरिवार रु पाँच हजार नगद उपलब्ध गराउने कार्यक्रम सञ्चालनमा ल्याइएको छ । परेवा पालनलाई व्यवसायीकरण गर्दै लैजाने सोच छ । दुई जोर परेवा पाल्नेले दैनिक पाँच हजारसम्म आम्दानी गर्न सक्छन् । नेपाललाई विश्वमै समृद्ध मुलुकको सूचीमा लैजान सकिन्छ, यहाँ विकासका धेरै सम्भावना छन्, त्यसका लागि सबैभन्दा पहिला राजनीतिलाई सपारेर लैजानुपर्छ भन्ने मेरो मत छ ।

### सांसद मण्डलको परिचय

सांसद योगेन्द्र मण्डल मोरङ निर्वाचन क्षेत्र नं ५ धनपालका स्थायी बासिन्दा हुनुहुन्छ । शैक्षिक योग्यता स्नातक रहेका नेता मण्डल लामो समयदेखि समाजसेवामा संलग्न हुनुहुन्थ्यो । गएको निर्वाचनमा उहाँ राजनीतिक दलका स्थापित उम्मेदवारलाई पन्छाउँदै स्वतन्त्र उम्मेदवारका हैसियतले प्रतिनिधिसभा सदस्य बन्न सफल हुनुभयो ।रासस

# विकासको मूल आधार सुशासन रहेको राष्ट्रपतिको भनाई



**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले विकासको मूल आधार भ्रष्टाचारमुक्त समाज र सुशासन नै भएको बताएका छन् ।

मीनकुमारी राणा प्रतिष्ठानले राष्ट्रपति भवनमा बिहीबार आयोजना गरेको पुरस्कार वितरण कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले दिगो शान्ति, विकास र सुशासनबाट नै गरिब, सीमान्तकृत, पिछडिएको क्षेत्र र वर्गका जनताको मुहारमा खुसी ल्याउन सकिनेछ भने ।

राष्ट्रपति पौडेलले विगतमा राजनीति मुख्य विषय भएको तर अबका दिनमा जनता र समाजको सेवा नै हाम्रो प्रमुख लक्ष्य हुनुपर्छ भन्नेमा विशेष जोड दिए । "समाजका विभिन्न क्षेत्रमा योगदान गर्ने व्यक्तिहरुलाई पुरस्कृत र सम्मान गर्दा भावी पुस्तालाई असल काम गर्न उत्प्रेरित गर्नेछ, असल कामका लागि मानिसहरुलाई उत्प्रेरित गर्ने मैले विश्वास लिएको छु", राष्ट्रपति पौडेलले भने ।

प्रतिष्ठानले समाजका उपेक्षित वर्ग र क्षेत्रको हित र उत्थानका लागि आगामी दिनमा विशेष कार्यक्रम ल्याएर काम गर्ने विश्वास व्यक्त गर्दै उनले स्वर्गीय मीनकुमारीलगायत उनको परिवारले नेपालको लोकतान्त्रिक आन्दोलनमा गरेको योगदानको स्मरण गरे ।

साथै प्रतिष्ठानले मानवअधिकार, प्रेस स्वतन्त्रता र लोकतन्त्र, शिक्षा, स्वास्थ्य तथा खेलकुदलगायत क्षेत्रमा आफूलाई क्रियाशील गराउँदै आएकोमा खुसी व्यक्त गरे । त्यसअवसरमा राष्ट्रपति पौडेलले 'मीनकुमारी प्रजातन्त्र सेनानी सम्मान' लोकतन्त्रवादी नेता लेखनाथ न्यौपाने, 'राष्ट्रिय पत्रकारिता पुरस्कार' वरिष्ठ पत्रकार किशोर नेपाल र 'राष्ट्रिय खेलकुद पुरस्कार' प्रकाश थापामगरलाई प्रदान गरे ।


नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रहरी कार्यालय, सप्तरी

**सवारीसाधनहरूको स्वामित्व दाबी गर्न आव्हान गरिएको सूचना**


**प्रकाशन मिति : २०८०/१०/२५ गते (ने.सं. ११४४ पोहेलगा, १३ विहीबार)**

जिल्ला प्रहरी कार्यालय सप्तरीमा वेवारीसे अवस्थामा रही हालसम्म सवारी धनी पत्ता नलागेका सवारी साधनहरु सरकारी सम्पत्ति तथा जिन्सी मालसामान लिलाम बिक्री सम्बन्धी कार्यविधी २०७९ को दफा २० को उपदफा (१) बमोजिम हालसम्म स्वामित्व दावी नपरेका सवारीसाधनहरु पन्द्र (१५) दिने सार्वजनिक सूचना प्रकाशन गर्नुपर्ने व्यवस्था अनुसार यस कार्यालयको Facebook Page: Distric police office saptari, मधेश प्रदेश प्रहरी कार्यालयको Facebook Page: मधेश प्रदेश प्रहरी कार्यालय, धनुषा र माथिको QR कोडमा निम्न सवारी साधनहरुको विवरण राखिएको हुँदा उक्त विवरण हेरी सवारी साधनहरु सम्बन्धित सवारी धनीले सूचना प्रकाशन भएको मितिले पन्द्र (१५) दिन भित्र आफ्नो सक्कलै कागज पत्र लिई यस कार्यालय उपस्थित भई स्वामित्व हकदाबी गर्न हुन अनुरोध गरिएको छ । अन्यथा उक्त सवारी साधनहरु कानून बमोजिम लिलाम बिक्री भई जाने व्यहोरा सूचित गरिन्छ ।

# पृथ्वीको तापक्रम लगातार १२ महिनासम्म १.५ डिग्री सेल्सियसभन्दा माथि

**एएफपी**

पेरिस। पृथ्वीले पहिलो पटक लगातार १२ महिना औद्योगिक युगको तुलनामा १.५ डिग्री सेल्सियस तातो सहनुपरेको युरोपको जलवायु अनुगमनकारी संस्थाले बिहीबार जनाएको छ। वैज्ञानिकहरूले यसलाई 'मानव जगत्का लागि चेतावनी' बताएका छन् । आँधीबेहरी, खडेरी र डढेलोका कारण जलवायु परिवर्तनले सन् २०२३ मा कीर्तिमानी तापक्रम वृद्धि गरेको छ, जसले गर्दा यो सम्भवतः एक लाख वर्षयताकै सबैभन्दा तातो बर्ष भएको छ।कोपर्निकस क्लाइमेट चेन्ज सर्भिस (सीथ्रीएस) ले सन् २०२३ को फेब्रुअरीदेखि सन् २०२४ को जनवरीसम्म १९औं शताब्दीको उच्च रेकर्डभन्दा १.५२ डिग्री सेल्सियस बढी तापक्रम वृद्धि भएको पुष्टि गरेको छ।



यो पेरिस जलवायु सम्झौताको महत्वपूर्ण १.५ डिग्री सेल्सियसको 'अधिकतम तापमान सीमा'को गम्भीर पूर्वाभास हो, तर यसले दशकौंसम्म मापन गरिने सीमाको स्थायी उल्लङ्घनको सङ्केत नगर्ने वैज्ञानिकहरूले बताएका छन् । 'पोट्सडाम इन्स्टिच्युट फर क्लाइमेट इम्प्याक्ट रिसर्च'का जोहान रकस्ट्रोमले भन्नुभयो, "हामी १.५ डिग्री सेल्सियसमा छुँदैछौं र हामी लागत, सामाजिक लागत र आर्थिक लागत देख्छौं।"सन् २०२३ मा लामो समयसम्म तापक्रम १.५ डिग्री सेल्सियसभन्दा धेरै रहेको देखिएको छ र यसले हामीलाई गर्मीको लहर, खडेरी, बाढी, प्रबलित आँधीबेहरी, सम्पूर्ण विश्वमा पानीको अभावको सन्दर्भमा वास्तवमै नराम्रोसँग असर पुर्‍याउँछ। सन् २०२३ ले हामीलाई यही कुरा सिकाएको छ। हालैका महिनाहरूमा अमेजन क्षेत्रमा विनाशकारी खडेरी, दक्षिणी युरोपका केही भागहरूमा जाडोमा पनि तापक्रममा वृद्धि, दक्षिण अमेरिकामा घातक डढेलो र क्यालिफोर्नियामा उच्च वर्षाजस्ता पृथ्वीभरि चरम घटनाहरू भएका छन्।"यो स्पष्ट रूपमा मानवताका लागि चेतावनी हो। हामीले हस्ताक्षर गरेको १.५ डिग्री सेल्सियसको सीमामा हामी अपेक्षा गरेभन्दा बढी गतिमा अघि बढिरहेका छौं", रकस्ट्रोमले एएफपीसँग भन्नुभयो, "यद्यपि, एल निनो समाप्त भएपछि तापक्रम केही घट्नेछ।"कोपर्निकसका अनुसार सन् १८५० देखि १९०० सम्मको जनवरीको औसतको अनुमानभन्दा १.६६ डिग्री सेल्सियस बढी तापक्रम रेकर्ड भएको उच्च मासिक तापक्रमको लगातार यो आठौं महिना हो।

"सन् २०२४ को सुरुवात अर्को रेकर्ड तोड्ने महिनाको साथ भएको छ। यो रेकर्डमा सबैभन्दा न्यानो जनवरी मात्र होइन तर हामीले पूर्व-औद्योगिक सन्दर्भ अवधिभन्दा १.५ डिग्री सेल्सियस भन्दा बढीको १२ महिनाको अवधि पनि अनुभव गरेका छौं," सीथ्रीएसका उपनिर्देशक सामन्था बर्गेसले भन्नुभयो। मुख्यतया जीवाश्म ईन्धनको जलनबाट हालैका वर्षहरूमा ग्रह-ताप उत्सर्जन वृद्धि भइरहेको छ। यो दशकमा तापक्रम लगभग आधाले घट्न आवश्यक छ। संयुक्त राष्ट्रसङ्घको जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी समिति (आईपीसीसी)ले विश्व ३० को दशकको सुरुमा १.५ डिग्री सेल्सियसको तापक्रमले निकै प्रभावित बन्नेछ चेतावनी दिएको छ।

इम्पेरियल कलेज लण्डनस्थित जलवायु विज्ञान र नीतिका प्राध्यापक जोरी रोगेल्जले एएफपीसँग भन्नुभयो, "धेरै तातो वर्षहरूको उत्तराधिकार प्रकृति र मानिसहरू दुवैका लागि नराम्रो समाचार हो जसले यी चरम वर्षहरूको प्रभाव महसुस गरिरहेका छन्।"उहाँले भन्नुभयो, "यदि विश्वव्यापी उत्सर्जनलाई तत्काल शून्यमा झारिएन भने विश्वले चाँडै नै पेरिस जलवायु सम्झौतामा निर्धारित सुरक्षा सीमाहरू पार गर्नेछ।" कोपर्निकसका अनुसार जनवरीमा उत्तर-पश्चिमी अफ्रिका, मध्यपूर्व र मध्य एसियाका साथै पूर्वी क्यानडा र दक्षिणी युरोपमा तापक्रम औसतभन्दा निकै माथि थियो।तर उत्तरी युरोप, पश्चिमी क्यानडा र संयुक्त राज्य अमेरिकाको मध्य क्षेत्रमा तापक्रम औसतभन्दा कम देखिएको थियो। संसारका केही भागहरूमा जनवरीमा असामान्य रूपमा बर्षाको अनुभव गरिरहँदा उत्तरी अमेरिका, हर्न अफ अफ्रिका र अरब प्रायद्वीपको अधिकांश भाग सुख्खा भएको थियो।

गर्मी र खडेरीसँग जुधिरहेको चिलीमा सुख्खा मौसमका कारण लागेको डढेलो नियन्त्रणमा नआएको र अझै पनि खतरा कायम रहेको उहाँले बताउनुभयो। यो अवस्था फेब्रुअरीसम्म पनि जारी रहेको छ र शुक्रबारदेखि सुरु भएको डढेलोले तटीय भाल्पाराइसो क्षेत्रको छेउछाउमा व्यापक क्षति पुगेको छ। यहाँ डढेलोका कारण १३० भन्दा बढी व्यक्तिको मृत्यु भएको छ।कोपर्निकसका अनुसार दक्षिणी प्रशान्त महासागरको समुद्री सतहलाई तातो बनाउने एल निनो विषुवतीय प्रशान्त क्षेत्रमा कमजोर हुन थालेको छ।


यसैबीच, समुद्री सतहको तापक्रमले पनि रेकर्ड तोड्ने क्रम जारी राखेको छ।रकस्ट्रोमले भन्नुभयो, "सन् २०२३ यस्तो वर्ष हो, जहाँ समुद्रको गतिशीलता निकै कमजोर भएको छ।"महासागरले ग्रहको ७० प्रतिशत भाग ओगटेको छ र औद्योगिक युगको सुरुवातदेखि नै मानव गतिविधिबाट कार्बन प्रदूषणबाट उत्पन्न अतिरिक्त तापको ९० प्रतिशत अवशोषित गरेर पृथ्वीको सतहलाई जीवित राखेको छ।

# भारत-बङ्गलादेशबीचको सम्बन्ध विशेष भएको विदेश मन्त्री महमुदको भनाइ

**एएनआई**

नयाँदिल्ली। हाल भारतको आधिकारिक भ्रमणमा रहेका बङ्गलादेशका विदेशमन्त्री हसन महमुदले भारत आफ्नो नजिकको छिमेकी भएको उल्लेख गर्र्दै आफुहरूको सम्बन्ध विशेष भएको बताउनुभएको छ।

एएनआईसँग कुरा गर्दै विदेशमन्त्री महमुदले भारत बङ्गलादेशको छिमेकी मात्र नभई बङ्गलादेशको स्वतन्त्रता युद्धमा पनि महत्वपूर्ण सहयोगी भूमिका खेलेको कुरामा जोड दिनुभएको छ।



महमुदले बङ्गलादेशकी प्रधानमन्त्री शेख हसिनाले चुनावपछि भारत भ्रमण गर्ने बताउँदै भारत-बङ्गलादेशका समस्याहरूको विस्तृत श्रृ्ंखला रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "बङ्गलादेशको स्वतन्त्रता र स्वाधिनता प्राप्तिको आन्दोलनमा भारतीय जनता तथा सेनासमेतले आफ्नो रगत बगाएकाले दुई राष्ट्रवीचको सम्बन्ध रगतले बाँधिएको बताउनुभएको छ।"

आफ्ना भारतीय समकक्षी जयशंकरसँगको भेटमा बङ्गलादेशका विदेशमन्त्रीले सीमापार मुद्दाहरू, शक्ति साझेदारी, समन्वयलगायत सबै मुद्दाहरूमा छलफल गरेको एएनआईलाई बताउनुभयो।यसअघि, बङ्गलादेशका विदेशमन्त्री महमुदले आफ्नो भारत भ्रमणले दुई देशबीचको सम्बन्धलाई बलियो बनाउन योगदान पुर्‍याउने बताउनुभएको थियो। बङ्गलादेशका वा भारतीय मन्त्रीको बङ्गलादेशको कुनै पनि भ्रमणले द्विपक्षीय सम्बन्धलाई बलियो बनाउने उहाँको भनाइ रहेको छ।

विदेशमन्त्री महमुदले राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालसँग पनि भेटवार्ता गर्नुभएको थियो।दुई नेताहरूले सुरक्षा सुनिश्चित गरी बाहिरी स्थिरता समेत कायम गर्न क्षेत्रीय सहयोग बढाउनका लागि मार्गहरू खोज्न छलफल भएको छ।

प्रधानमन्त्रीका रूपमा लगातार चौथो कार्यकाल सुरक्षित गर्दै शेख हसिनाको ऐतिहासिक विजय प्राप्त गरी बङ्गलादेशको नयाँ सरकारमा शपथ लिएपछि महमुदको यो पहिलो विदेश भ्रमण हो।

# माल्दिभ्स सङ्कटसहित उच्च ऋण जोखिममा छ : आईएमएफ

**एएनआई**

माल्दिभ्स। बढ्दो वित्तीय घाटा र सार्वजनिक ऋणको बिचमा माल्दिभ्स ऋण सङ्कटको उच्च जोखिममा रहेको अन्तर र्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) ले जनाएको छ।

पियापोर्न सोड्स्नीविबुनको नेतृत्वमा आईएमएफको टोलीले हालैको आर्थिक घटनाक्रम र देशको नीतिगत प्राथमिकताहरूबारे छलफल गर्न जनवरी २३ देखि फेब्रुअरी छसम्म माले भ्रमण गरेपछि रिपोर्ट सार्वजनिक गरेको हो। माल्दिभ्सको अर्थतन्त्र सन् २०२२ मा १३.९ प्रतिशतले विस्तार भएको र सन् २०२३ मा ४.४ प्रतिशतले बढ्ने अनुमान गरिएको छ।सन् २०२४ मा पर्यटक आवागमन वृद्धि भई ५.२ प्रतिशत पुग्ने अपेक्षा गरिएको प्रतिवेदनमा उल्लेख गरिएको छ।

विश्वव्यापी वित्तीय एजेन्सीले इन्धनको बढ्दो मूल्य तथा व्यापक आयात मागको बिचमा सन् २०२४ मा ठुलो घाटा रहने अनुमान गरेको छ।महत्वपूर्ण नीतिगत परिवर्तन नभएसम्म वित्तीय घाटा र सार्वजनिक ऋण निरन्तर बढ्ने अनुमान गरिएको छ।

बाढी तथा बढ्दो समुद्री सतहका कारण माल्दिभ्स गम्भीर आर्थिक लागतका जलवायु परिवर्तनको अत्यधिक जोखिममा रहेको प्रतिवेदनमा उल्लेख गरिएको छ।

आइएमएफका अनुसार सङ्कट कम गर्न, सार्वजनिक वित्त तथा ऋणको दिगोपन पुनः स्थापना गर्न कडा मौद्रिक र विवेकपूर्ण नीतिसहित दिगो वित्तीय सुदृढीकरण आवश्यक छ।ग्लोबल फाइनान्सियल एजेन्सीले जलवायु अनुकुलन प्रयासहरूलाई समर्थन गर्न संस्थालाई बलियो बनाउन सुझाव दिएको छ। जसले अतिरिक्त जलवायु वित्तपोषणमा पहुँच वृद्धि गरी जलवायुसम्बन्धी प्रतिबद्धताहरू पूरा गर्न मद्दत गर्ने एजेन्सीले जनाएको छ।

# इयु र अमेरिकासँग युक्रेनको सहायतामाथि थप प्रयास गर्न स्कोल्जको आग्रह

**एएफपी**

बर्लिन। अमेरिकी राष्ट्रपति जो बाइडेनसँग छलफल गर्न वासिङ्टन भ्रमण गर्नुअघि जर्मन चान्सलर ओलाफ स्कोल्जले बिहीबार युरोपेली सङ्घ (इयु) र अमेरिकासँग युद्धग्रस्त युक्रेनलाई सहायता आपूर्तिको प्रयासलाई तीव्र पार्न आग्रह गर्नुभएको छ। "हामीले मिलेर थप प्रयास गर्ने मार्ग खोज्नुपर्छ", बर्लिनमा स्कोल्जले भन्नुभयो। उहाँले मस्कोविरुद्ध युद्धमा युरोप र अमेरिकाले किएभसँग गरेको प्रतिबद्धता 'अझै पर्याप्त नभएको' बताउनुभयो।

स्कोल्जको प्रमुख सहयोगी अमेरिकाको भ्रमण यस्तो समयमा भएको छ जतिबेला बाइडेनद्वारा किएभका लागि प्रस्तावित ६० अर्ब डलरको सहायता प्याकेज रिपब्लिकन अराजकताका कारण सिनेटमा रोकिएको छ।इयुका नेताहरूले हङ्गेरीका नेता भिक्टर ओर्बनको महिनौंको विरोधलाई पराजित गर्दै गत साता युक्रेनका लागि ५० अर्ब युरो (५४ अर्ब डलर) को सहायतामा सहमति गरेका थिए।

जर्मन नेता स्कोल्जले यसबाट वासिङ्टनमा प्याकेजलाई अगाडि बढाउने बाइडेनको प्रयासहरूमा सहयोग पुग्नसक्ने आशा व्यक्त गर्नुभएको छ। "जर्मनीले अत्यन्त ठूलो योगदान दिएको छ तर यो आफ्नै बलमा पर्याप्त हुनेछैन", स्कोल्जले बिहीबार आफ्नो टिप्पणीमा भन्नुभयो, "अबको क्षण भनेको संयुक्तरूपमा युक्रेनलाई उसको रक्षा गर्ने अवसर दिनु प्रमुख आवश्यकता हो।"

"एकै समयमा हामीले रुसी राष्ट्रपतिलाई उहाँ हाम्रो समर्थन कम हुने कुरामा भरोसा गर्न सक्नुहुन्न भनेर धेरै स्पष्ट सङ्केत पठाउनुपर्छ तर यो लामो समयसम्म चल्नेछ र यो धेरै ठूलो हुनेछ", उहाँले भन्नुभयो।

चान्सलर स्कोल्ज बिहीबार वासिङ्टनका लागि प्रस्थान गर्नुहुनेछ र शुक्रबार अमेरिकी राष्ट्रपति बाइडेनसँग छलफल गर्नुहुनेछ।

# पाकिस्तानमा आम निर्वाचन

**सिन्ह्वा**

इस्लामावाद। पाकिस्तानको आम निर्वाचनका लागि बिहीबार बिहानैदेखि देशभर मतदान भएको पाकिस्तानको निर्वाचन आयोगले जनाएको छ।

कूल २६६ मध्ये एक बाहेक २६५ संसद् सदस्य निर्वाचित गर्नका लागि स्थापित हजारौं मतदान केन्द्रमा मतदान जारी रहेको छ। एकाधबाहेक सबै स्थानमा शान्तिपूर्ण रूपमा मतदान भइरहेको निर्वाचन आयोगले जनाएको छ। उम्मेद्वारको मृत्युको कारण एक स्थानमा निर्वाचन स्थगित भएको आयोगले जनाएको छ। निर्वाचन आयोगका प्रवक्ता सैयद नदीम हैदरले मतदान प्रक्रिया स्थानीय समय अनुसार बिहान ८ बजेदेखि शुरू भई बेलुका ५ बजेसम्म निर्बाधरूपमा जारी रहने बताउनुभयो।



मतदानबाट आगामी पाँच वर्षका लागि नयाँ सरकार गठन गर्ने संसद्को तल्लो सदनका २६५ सदस्य छान्न मतदाता बिहानै मतदान केन्द्रहरूमा पुगेको आयोगले जनाएको छ। पाकिस्तानका चार प्रान्तीय सभाको निर्वाचन विहिबार एकै दिन भएको छ।आयोगका अनुसार १२ करोड ८० लाखभन्दा बढी पाकिस्तानी जनता अर्थात् देशको कूल जनसंख्याको आधाभन्दा बढी व्यक्ति आम निर्वाचनका लागि मतदान गर्न योग्य मानिएका छन्।

देशभर ९० हजार ६७५ मतदान केन्द्र स्थापना गरिएको छ भने आयोग, सुरक्षाकर्मी तथा मतदाताको सहयोगमा चुनावको लागि सबै व्यवस्था सम्पन्न भइसकेको छ।कूल २६५ सीटका लागि हुने राष्ट्रिय निर्वाचनका लागि छ हजारभन्दा बढी उम्मेदवार रहेका र खैबर पख्तुनख्वा, पञ्जाब, बलुचिस्तान र सिन्धसहित चार प्रान्तका लागि ५९० वटा सीटमा १२ हजारभन्दा बढी उम्मेदवारले प्रतिस्पर्धा गर्ने घोषणा आयोगले गरेको छ।उम्मेद्वारको मृत्युको कारण एक स्थानमा निर्वाचन स्थगित भएको आयोगले जनाएको छ।

# क्यानडाविरुद्ध नेपालको रोमाञ्चक जित



**टुडे समाचारदाता**

काठमाण्डु। कप्तान रोहित पौडेल एक्लैले चार विकेट लिएपछि नेपालले क्यानडाविरुद्धको खेलमा सात रनको रोमाञ्चक जित हासिल गरेको छ। कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा टस हारेर पहिले बलिङ गरेको पाहुना टोलीले नेपाललाई सामान्य योगफलमा समेटे पनि जित भने दर्ता गर्न सकेन।

एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेट शृ्ंखलाको पहिलो खेलमा नेपालले प्रस्तुत गरेको दुई सय २५ रनको सामान्य लक्ष्य पछ्याएको क्यानडा ४७ दशमलव पाँच ओभरमा सबै विकेट गुमाउँदै दुई सय १७ रनमा सीमित भयो। क्यानडाका लागि निकोलस कीर्तनले ९९ बलमा सात चौकाको मद्दतमा ६८ रन बनाए भने पर्गत सिंहले ५० र हर्श थाकरले ३२ रनको योगदान दिए। तर अन्य खेलाडीले उल्लेख्य योगदान गर्न नसक्दा पहिलो खेलमा जित दर्ता गर्नबाट चुक्यो।पहिलो विकेट १९ रनमा गुमाएको क्यानडाले दोस्रो विकेट ३५ को अवस्थामा गुमायो। त्यसपछि निकोलस कीर्तन र पर्गत सिंहले पारी सम्हाल्दै तेस्रो विकेटका लागि ७९ रनको साझेदारी गर्दै टोलीलाई बलियो अवस्थामा पुर्‍याए।

चौथो विकेटका लागि निकोलस कीर्तन र हर्श थाकरले ६० रनको साझेदारी गर्दा क्यानडा एक सय ७४ रनको बलियो अवस्थामा पुग्यो। यो अवस्थामा क्यानडालाई जितका लागि १७ ओभरमा ५१ रनको आवश्यक थियो। खेल पूर्णरुपमा क्यानडाको पक्षमा ढल्किसकेको थियो।त्यसपछि क्यानडाको पारी बिग्रियो। उसले थप ४३ रन बनाउँदा बाँकी छ विकेट गुमाउन पुग्यो। क्यानडाको पाँचौ विकेट एक सय ८९ रनमा गुम्यो भने छैटौ विकेट एक सय ९५ रन छँदा गुम्यो। साथै सातौ र आठौं विकेट दुई सय सात रनमा, आठौं र नवौं विकेट दुई सय १२ रनमा र अन्तिम विकेट दुई सय १७ रनमा गुमायो।

नेपालका लागि कप्तान पौडेल एक्लैले चार र ललित राजबंशीले दुई विकेट लिए। त्यसैगरी सोमपाल कामी, रिजन ढकाल, पवन शर्राफ र कुशल मल्लले समान एक/एक विकेट लिए। जितसँगै नेपाल तीन खेलको शृंखलामा १-० को अग्रता बनाएको छ। टस जितेर पहिले ब्याटिङ गरेको नेपालले निर्धातिर ५० ओभरमा अलआउट हुँदा दुई सय २४ रन मात्रै बनाउन सक्यो। नेपालका लागि कुशल भुर्तेलले ५८ बलमा नौ चौका र एक छक्का प्रहार गर्दै सर्वाधिक ६२ रन बनाए।

त्यस्तै आशिफ शेख र रोहित पौडेलले समान आठ/आठ रन मात्रै बनाए। भीम सार्कीले १७, कुशल मल्लले २०, आरिफ शेखले ३८, पवन शर्राफले १५, सोमपाल कामीले २७, सूर्य तामाङले १० तथा रिजन ढकालले चार रन बनाए। नेपाललाई अलआउट गर्ने क्रममा क्यानडाका उदय भागवानले तीन विकेट लिए भने साद विन जफर र इश्वरजित सोहीले समान दुई/दुई विकेट लिए। त्यस्तै हर्श थाकर र शाहिद अहमदजाइले समान एक/एक विकेट झारे।

आगामी फागुनमा हुने आइसिसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गत नामिबिया र नेदरल्यान्ड्सविरुद्धको शृंखला सुरु हुनुअघि नेपालले क्यानडासँग तीन खेलको एकदिवसीय शृंखला खेलेको हो। नेपाल र क्यानडाबीचको दोस्रो खेल यही माघ २७ हुनेछ।

# एसीसी महिला प्रिमियर कप खेल्ने टोलीको बिदाइ

**टुडे समाचारदाता**

काठमाण्डु। एसीसी महिला प्रिमियर कप खेल्ने टोलीलाई बिदाइ गरिएको छ।बिहीवार काठमाडौंमा एक कार्यक्रमबीच नेपाल क्रिकेट संघ क्यानका पदाधिकारीहरुले महिला राष्ट्रिय क्रिकेट टोलीलाई बिदाइ गरेका हुन्।

मलेसियामा हुने प्रतियोगितामा नेपालसहित आयोजक मलेसिया, संयुक्त अरब ईमिरेट्स (युएई), थाइल्यान्ड, इण्डोनेसिया, हङकङ, चीन, म्यानमार, भूटान, बहराइन, कुवेत ओमन सिंगापुर, जापान, कतार र माल्दिभ्सले सहभागिता जानउने छन्।प्रतियोगिता आगामी फेब्रुअरी १० देखि १८ सम्म मलेसियामा हुँदैछ। प्रतियोगितामा सहभागी टोलीलाई चार समूहमा विभाजन गरिएको छ।

प्रत्येक समूहका शीर्ष दुई टोली क्वार्टरफाइनलमा प्रवेश गर्नेछन्। प्रतियोगिताको फाइनल पुग्ने टोली सन् २०२४ को एसिसी महिला एशिया कपका लागि छनोट हुनेछन्।नेपाली टोलीमा इन्दु बर्मा (कप्तान), रुविना क्षेत्री, सीता रानामगर, काजल श्रेष्ठ, अप्सरी बेगम, कविता जोशी, डोली भट्ट, विन्दु रावल, अस्मिना कर्माचार्य, यशोदा बिष्ट, खुसी डंगोल, सबनम राई, रोमा थापा, संगीता राई, सम्झना खड्का, पुजा महतो, कविता कुँवर छन्।

# दीपेन्द्रसिंह ऐरीले इन्टरनेशल लिग टी-२० खेल्ने

**टुडे समाचारदाता**

काठमाण्डु। नेपाली क्रिकेट टोलीका अलराउन्डर दीपेन्द्रसिंह ऐरीले इन्टरनेशल लिग टी-२० क्रिकेट प्रतियोगिता खेल्ने भएका छन्। यूएई क्रिकेट बोर्डको आधिकारीक उक्त लिग दीपेन्द्रले गल्फ जायन्ट्सबाट खेल्ने भएका हुन्।



दीपेन्द्र विहिबार साँझ त्यसतर्फ गएका छन्। युएईमा जारी प्रतियोगितामा गल्फ जायन्यट्स ८ खेलमा समान ४ मा जित र हारका साथ तेस्रो स्थानमा छ।दीपेन्द्र सम्मिलित गल्फ जायन्ट्समा कार्लोस ब्रेथवेट, आयन खान, शिम्रन हेटमायर, क्रिस लिन र जेम्श भिन्स जस्ता खेलाडी छन्।

दीपेन्द्र ६ महिनाअघि क्रिस लिनकै कप्तानीमा ग्लोबल टी-२० क्यानडा मोन्टरिएल टाइगर्सबाट खेल्दै च्याम्पियन बनेका थिए।गल्फ जायन्ट्सले विहिबार एमआई इमिरेट्ससँग खेलेको छ। विहिबारको खेल भने उनले गुमाएको छ। क्यानडासँगको तीन खेलको सिरिजमा नेपालले दीपेन्द्रलाई विश्राम दिएको छ। त्यसैको कारण उनी यूएई जानेछन्।

गल्फ जायन्ट्सले लिगको अन्तिम खेल ११ फेब्रुअरीमा खेल्नेछ। पहिलो क्वालिफायर १३, इलिमिनेटर १४ र दोस्रो क्वालिफायर १५ फेबुअरीमा हुनेछ। फाइनल १७ फेब्रुअरीमा हुनेछ।आईसीसी विश्वकप लिग २ त्रिकोणात्मक सिरिज नेपालले घरेलु मैदान टियुमा नेदरल्यान्ड्स र नामिबियासँग खेल्दैछ। दीपेन्द्र लिग २ का लागि भने नेपाली टोलीमा उपलब्ध हुनेछन्।

# लगानी सम्मेलनलाई भव्य बनाउन सबैको प्रयास जरुरी : अर्थमन्त्री

टुडे समाचारदाता

काठमाण्डु । अर्थमन्त्री डा प्रकाशशरण महतले आगामी वैशाखमा सरकारले आयोजना गर्न लागेको लगानी सम्मेलनलाई भव्य बनाउन सबैको प्रयास जरुरी रहेको बताउनुभएको छ ।

विहिबार अर्थ मन्त्रालयमा बसेको तेस्रो लगानी सम्मेलन, २०८१ निर्देशक समितिको बैठकमा अर्थमन्त्री डा महतले नेपालमा लगानी गर्न अन्तर्राष्ट्रिय लगानीकर्ताबाट चासो आइरहेको बताउनुहुँदै गम्भीरताका साथ परियोजनाको तयारी गर्न निर्देशन दिए । अर्थमन्त्री डा महतले लगानी सहजीकरण, परियोजना कार्यान्वयन र सञ्चालन तथा नाफा फिर्ता लैजान सरल व्यवस्था गरी नेपाल लगानीको उत्कृष्ट गन्तव्य हो भन्ने सन्देश दिनका लागि लगानी सम्मेलन आयोजना गरिएको बताए ।

लगानी सम्मेलनको निर्देशक समितिका संयोजकसमेत रहनुभएका अर्थमन्त्री डा महतको संयोजकत्वमा सम्पन्न सो बैठकमा लगानी सम्मेलनलाई लक्षित गरी तयार भएको नीति, कानुन तथा संरचनागत सुधारसम्बन्धी प्रतिवेदन तथा परियोजनाका सम्बन्धमा छलफल भएको थियो । मन्त्री डा महतले आगामी जुनमा विश्व बैंकको सहुलियतदरमा ऋण दिने संस्थाले (आइडी)को सम्मेलन नेपालमा आयोजना गर्न विश्व बैंक तयार रहेकोसमेत



जानकारी दिए । "औपचारिकपत्र केही दिनमा आउँदैछ । अहिलेसम्म सबैभन्दा ठूलो अन्तर्राष्ट्रिय सम्मेलन नेपालमा हुनेछ । विश्व बैंकका अध्यक्षलगायत ९२ भन्दा बढी देशका प्रतिनिधिको सम्मेलनमा सहभागी रहनेछ", उनले भने ।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौलाले लगानी सम्मेलनलाई लक्षित गरी हालसम्म विभिन्न क्षेत्रका एक सय पाँचवटा योजना वर्गीकृत भइसकेको जानकारी दिए । निजी क्षेत्रबाट समेत थप योजना आउने प्रतिबद्धता आइरहेको उनले बताए ।

अर्थ मन्त्रालयका प्रमुख आर्थिक सल्लाहकार डा कोषराज पाण्डेले विदेशी लगानीलाई सहज ढङ्गले भित्र्याउने र लगानी सुरक्षित बनाउने वातावरण तयार गर्नुपर्नेमा जोड दिए । लगानीका लागि सहज वातावरण बनाउ सके सम्मेलनको सार्थकता थप बढ्ने उनको भनाइ थियो । बैठकमा नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले लगानीका दायरा फराकिलो बनाउनुपर्नेमा जोड दिए । वातावरणमैत्री उद्योग निर्माणका लागि नीतिहरू सहज बनाउनु आवश्यक रहेको उनको भनाइ थियो ।

नीति, कानुन तथा संरचनागत सुधार कार्यदलका संयोजक एवं प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव एकनारायण अर्यालले कानुनी तथा नीतिगत सुधारका सम्बन्धमा तयार भएको प्रतिवेदन प्रस्तुत गरेका थिए ।

बैठकमा तेस्रो लगानी सम्मेलनमा प्रस्तुत हुने परियोजना तयारीका सम्बन्धमा प्राविधिक समितिका संयोजक उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव मुकुन्द निरौलाले प्रस्तुतीकरण गर्नुभएको थियो । प्राविधिक समितिले परियोजना अध्ययनको विभिन्न चरणमा रहेका परियोजना वर्गीकरण गरी परियोजनाको प्रारम्भिक सूची तयार गरी थप गृहकार्य अघि बढाएको छ ।

लगानी सम्मेलनसम्बन्धी समग्र तयारीबारे लगानी सम्मेलन सचिवालयका संयोजक तथा लगानी बोर्ड नेपालका प्रमुख कार्यकारी अधिकृत सुशील भट्टले विस्तृत प्रस्तुतीकरण गरेका थिए । छलफलमा सरोकारवाला मन्त्रालयका मन्त्री, राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी, योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठलगायतको उपस्थिति थियो ।

# भूमिगत सिँचाइमा क्षेत्र बढ्यो, बजेट छैन

टुडे समाचारदाता

चितवन । चितवन भूमिगत संयोजनात्मक जल सिँचाइ आयोजनाको कार्यक्षेत्र बढे पनि बजेट बढ्न नसक्दा मागअनुसार काम गर्न कठिन भएको छ । आयोजनाले चितवनसहित छवटा जिल्ला हेर्ने भए पनि पर्याप्त बजेट नहुँदा मागअनुसारको काम हुन नसकेको हो ।

आयोजनाका प्रमुख देव कुमार स्याङ्वोका अनुसार चालु आर्थिक वर्षका लागि स्यालो ट्यूबेलको एक हजारभन्दा बढी माग भएको छ । जसमा स्वीकृत कोटा १० वटामात्रै रहेको उनले जानकारी दिए । यस्तै डिपट्यूबेल ५० भन्दा बढी माग भएकामा १३ वटाको मात्रै कार्यक्रम रहेको छ ।

> स्थानीय सरकारले सिँचाइमा खासै चासो नदिँदा सिँचाइका कार्यक्रम प्रभावकार रूपमा अघि बढ्न नसकेको उनले बताए ।

स्याङ्वोले भने, "चालु आवबाट कार्यक्षेत्र थप गरिएको छ । तर बजेट बढ्न नसक्दा मागअनुसारको काम हुनसकेको छैन ।" उनका अनुसार गत आवमा चितवन र मकवानपुर जिल्ला हेर्दै आएको यस आयोजनाले अहिले नवलपरासी (वर्दघाट-सुस्तापूर्व), बारा, पर्सा, रौतहट र सर्लाही कार्यक्षेत्र थप गरिएको हो ।स्यालो ट्यबेलका लागि रु ५० लाख र डिपट्यूबेलका लागि रु १० करोड बजेट रहेको आयोजना प्रमुख स्याङ्वोले जानकारी दिए । यस वर्ष चितवनमा १० र मकवानपुरमा तीनवटा मात्रै डिपट्युबेल निर्माण गर्ने योजना रहेको छ । आयोजनामा डिपट्यूबेलको बोरिङ निर्माण मात्र तीन र पाइप लाइनसहितका सातवटा रहेको उनले जानकारी दिए । स्यालोट्युबेल चितवनमा निर्माण गरिने उनले बताए ।

स्यालो ट्यूबेलले चार बिघा र डिपट्यूबेलले ४० बिघा क्षेत्रफल सिँचाइ हुने गरेको छ । गत वर्ष आयोजनामा रु ४० करोड बजेट विनियोजन गरिएको थियो । जसबाट एक सय ६० स्यालो ट्यूबेल र ३५ डिपट्यूबेल जडान गरिएको थियो । स्याङ्वोले भने, "डिपट्यूबेल मकवानपुरमा छ र चितवनमा २९ वटा निर्माण गरिएको थियो ।" स्थानीय सरकारले सिँचाइमा खासै चासो नदिँदा सिँचाइका कार्यक्रम प्रभावकारीरूपमा अघि बढ्न नसकेको उनले बताए ।

# गोदाम भरिएपछि 'मिल्क उद्योग' बन्द



टुडे समाचारदाता

चितवन । दूध प्रशोधन गरेर तयार पारिएका दुग्धजन्य पदार्थले कोल्डस्टोर र गोदाम भरिएपछि भरतपुरस्थित मिल्क उद्योग बन्द भएको छ । उत्पादन गरिएका पाउडर दूध र बटर बिक्री नभएर तयारी वस्तु राख्ने ठाउँ अभाव भएपछि उद्योग बन्द गरिएको हो ।

यही माघ २० गतेदेखि दूध सङ्कलन रोकिएको छ । भण्डारण गरिएको दूधको प्रशोधन गरेर २२ गतेदेखि उद्योग बन्द गरिएको उद्योगका प्रबन्धक दुर्गा पराजुलीले जानकारी दिए ।

"सहकारी र दुग्ध उद्योगले प्रशोधनका लागि ल्याएका दूध प्रशोधन गरेर पाउडर र बटर बनाउने गरिन्छ । उद्योगले प्रशोधन शुल्क लिएर दुग्धजन्य पदार्थ सम्बन्धित व्यक्तिलाई पठाउँछ", उनले भने । उनका अनुसार सहकारी र दुग्ध उद्योगले बिक्री गर्न नसकेपछि दुग्धजन्य पदार्थले गोदाम र कोल्डस्टोर भरिएका हुन् । प्रबन्धक पराजुलीका अनुसार पाउण्डर दूधले गोदाम, चिनी भण्डारण गर्ने, कपडा फेर्ने ठाउँ, क्यान्टिन सबै भरिएको छ । बीस हजार बोराभन्दा बढी दूध बाँकी रहेको जनाउँदै उनले पाँच सय टनभन्दा बढी बटर कोल्डस्टोरमा थन्किएको बताए ।

"हामीसँग रु एक अर्बभन्दा बढी दुग्धजन्य पदार्थ गोदाममा थन्किएको छ", पराजुलीले भने, "डेरी उद्योग र सहकारीलाई सामान लैजान ताकेता गरिरहेका छौँ । उहाँहरुले सामान नलगेपछि उद्योग सञ्चालन गर्न नसकेर बन्द गरेका हौँ ।"विसं २०६४ मा स्थापना गरिएको उक्त उद्योग भूकम्पसँगै बन्द हुन पुगेको थियो । विसं २०७५ देखि उद्योगले डेरी र सहकारीको दूध शुल्क लिएर प्रशोधन गर्ने काम गरिरहेको छ । प्रतिलिटर पाउडर दूधको रु एक सय १३ र बटरको प्रतिकिलो रु ५५ लिएर उद्योगले प्रशोधन गर्दै आएको छ ।

प्रशोधन गर्ने उद्योग र चिस्यान केन्द्र सबैमा दुग्धजन्य पदार्थ मौज्दात रहेको उद्योगका प्रबन्धक पराजुलीले जानकारी दिए । उनका अनुसार ३१ दुग्ध उद्योग र सहकारीको दूध भण्डार भएर बसेको छ । उत्पादन बिक्री हुन नसकेपछि उद्योग आर्थिकरूपमा समेत समस्यामा परेको उनको भनाइ थियो । दुग्ध उद्योग र सहकारीले आफ्नो उत्पादन बिक्री नभएपछि किसानले दूधको भुक्तानी पाउन सकेका छैनन् । प्रशोधनसमेत रोकिएपछि 'मिल्क होलिडे'को सम्भावना बढेर गएको भन्दै किसान चिन्तित भएका छन् ।

# बाँसको सिन्का उत्पादन गर्दै

टुडे समाचारदाता

ढोरपाटन । काठेखोला गाउँपालिकाले यस वर्षदेखि प्राङ्गारिक मल, चिया र बाँसको सिन्का उत्पादन गर्ने भएको छ । दुई वर्षदेखि काठेखोला -७ स्थित रेशमा औद्योगिक ग्राम निर्माण थालेको गाउँपालिकाले हालसम्म दुई टहरा निर्माण सम्पन्न भइसकेको र उपकरण जडान गरेर उत्पादनमा लाग्ने भएको हो । सङ्घीय सरकारको तीन करोड लागतमा निर्माण हुन लागेको औद्योगिक ग्रामसम्म सडक र विद्युत् पुऱ्याइ सकेको हुँदा बनेका संरचनामा उद्योग सञ्चालन गर्ने काठेखोला -७ का अध्यक्ष प्रेम लामिछानेले जानकारी दिए ।

गाउँपालिकाले आर्थिक वर्ष २०७८/०७९ देखि नै उद्योग निर्माण सुरु गरेको उनले बताए । सङ्घीय सरकारले रु तीन करोड मात्रै औद्योगिक ग्राममा लगानी गर्ने भए पनि काठेखोलाले रु ५० करोडको विस्तृत योजना प्रतिवेदन (डिपीआर) गराएका काम अगाडि बढाएको उनको भनाइ छ । निर्माण भएका संरचनालाई प्रयोग गरी उत्पादनसँग जोडिँदै जाने र नयाँ संरचना पनि थप्दै जाने योजना रहेको अध्यक्ष लामिछानेले बताए । गाउँमा उत्पादन हुने कृषिउपज वस्तुको बजारीकरण, व्यापार व्यवसायको प्रवर्द्धनका लागि औद्योगिक ग्रामले महत्वपूर्ण भूमिका खेल्ने उनले बताए ।

उनले भने, "सबै संरचना निर्माण भइसक्दा धेरै सयम लाग्छ, निर्माण भएका संरचनालाई प्रयोग गरि केही उद्योग सञ्चालन गरौँ भनेर लागेका छौँ, अहिले बनेका संरचनामा विद्युत् र सडकको पहुँच पुऱ्याएका छौँ, त्यसले गर्दा उपकरण जडान गरेर प्राङ्गारिक मल, चिया र बाँसको सिन्का उत्पादन गरौँ भनेर लागेका छौँ, संरचना थपिँदै जान्छन्, अन्य उद्योग पनि विस्तारै सञ्चालनमा ल्याउँदै जाने छौँ ।" गाउँपालिकाका इन्जिनियर विनोद लामिछानेले सङ्घीय सरकारबाट आउनुपर्ने रु तीन करोडमध्ये आव २०७७/०७८ मा पहिलो किस्तामा ९२ लाख, २०७९/०८० मा ८० लाख आएको र चालु आवमा पनि ८० लाख आउने बताए । यस वर्ष गण्डकी प्रदेश सरकारबाट पनि रु २० लाख विनियोजन भएको जनाउँदै कार्यान्वयनको चरणमा रहेको उनको भनाइ छ । औद्योगिक ग्रामसम्म जाने सडक स्तरोन्नति भएको जनाउँदै सीमित उद्योग सञ्चालनका लागि संरचना उपयोगी रहेको इन्जिनियर लामिछानेले बताए ।

काठेखोला गाउँपालिकाका प्रवक्ता टीकासङ्गम विकले औद्योगिक ग्रामले स्थानीयलाई स्वरोजगार बनाउनुका साथै उत्पादनलाई बजारीकरण गर्नका लागि टेवा पुग्ने बताए ।

औद्योगिक ग्राम निर्माणपश्चात् यहाँ साना, मझौला र ठूला सबै उद्योग यहाँ सञ्चालन हुने जनाउँदै उद्योग गर्न चाहने स्थानीयले यस ठाउँ गाउँपालिकाले उपलब्ध गराउने उनको भनाइ छ । गाउँपालिकामा रहेका युवा शक्तिलाई उद्योगधन्दा, व्यापार व्यवसाय गर्न प्रेरितसमेत गाउँपालिकाले गर्ने उनले बताए ।


# तमोर करिडोरमा नयाँ होटल

टुडे समाचारदाता

धनकुटा । तमोर करिडोरअन्तर्गत धनकुटाको मुलघाटबाट पाँचथरसम्मको सडक कालोपत्र हुने भएपछि अहिले यस क्षेत्रमा धमाधम होटल सञ्चालनमा आउन थालेका छन् ।

सुनसरीको चतराबाट धनकुटा हुँदै पाँचथरसम्मको एक सय ५५ किलोमिटर तमोर करिडोर आयोजनाअन्तर्गत धनकुटाको मूलघाटबाट पाँचथरसम्मको एक सय १२ किमी सडक गत वर्षदेखि कालोपत्र हुने चरणमा छ । भारतको जोगवनीबाट पूर्वी नेपाललाई चीनको ओलाङ्चुङसँग जोड्ने यस करिडोर भएर दैनिक पूर्वी तराईलाई र पहाडका जिल्ला आवतजावत गर्न साना-ठूला सवारी साधन चल्ने गरेका छन् ।

करिडोरमा यातायातको चहलपहल बढेपछि अहिले धनकुटाको साँगुरी गाउँपालिका र चौबिसे गाउँपालिकामा पर्ने २८ किलोमिटर करिडोर सडक किनारमा होटल सञ्चालन गर्ने क्रम बढेको हो । पच्चीस वर्षअघि शिक्षा र अवसरका लागि धनकुटा सदरमुकाम आएका चौबिसे गाउँपालिका-३ का केशर लिम्बू अहिले आफ्नै ठाउँमा होटल गर्न फर्कनुभएको छ । उनले चौबिसे-४ फलामेटारमा यही



महिनादेखि त्रिवेणी होटल सञ्चालन गरेका हुन् ।

दश वर्षका लागि जमिन र घरभाडामा लिएर रु २५ लाखको लागतमा होटल र लज सेवा सुरु गरेको लिम्बूले जानकारी दिए । हाल कच्ची सडक भएको अवस्थामा करिडोरबाट दुई सयभन्दा बढी साना-ठूला सवारी साधन आवतजावत गरिरहेका छन् । "हाल यस क्षेत्रमा दिन प्रतिदिन होटल थपिने क्रम बढेको छ", उनले भने ।

यस्तै करिडोरको व्यापारिक सम्भावनालाई देखेर सोही स्थानमा जोरपाटी गाउँपालिका-४ का हरि ओझाले घरभाडामा लिएर रु सात लाख लागतमा होटल सञ्चालन गरिरहेका छन् । उनले दैनिक रु १५ हजारदेखि रु ३० हजारसम्म व्यापार गरिरहेका छन् । करिडोर कालोपत्र हुने भएपछि अहिले उक्त क्षेत्रमा होटलको संख्यामा वृद्धि भइरहेको उनले जानकारी दिए ।

चौबिसे-४ सदमटारकी ४३ वर्षीया सुस्मिता लिम्बू (राउत)ले पनि होटल सञ्चालन गर्नका लागि रु २० लाख खर्चेर पक्की घर बनाएका छन् । कृषि पेसामा आबद्ध उनले सडक कालोपत्र भएपछि सानोतिनो होटल व्यवसाय सञ्चालन गर्ने मनस्थिति बनाएका छन् ।

त्यस्तै साँगुरीगढी गाउँपालिका-१ का जीवन देवानले पनि धरान-धनकुटा कोशी राजमार्गको मुलघाटस्थित पाँचथर जाने करिडोर प्रवेशद्वार लाबरबोटेमा होटल व्यवशाय थालेका छन् । निर्माण व्यवसायी राईले यात्रु तथा यातायात व्यवसायीको सुझावमा आफ्नो दाजुसँगको सहकार्यमा यही माघदेखि रु १० लाखको लागतमा होटल व्यवशाय सुरु गरेका हुन् ।

# मौरीपालन व्यवसायले बदलिएको भाग्य

टुडे समाचारदाता

लमजुङ । सुन्दरबजार नगरपालिका वडा नं ५ का ४६ वर्षीय मीनबहादुर गुरुङ आफूले गर्दै आएको सिकर्मीको काम छाडेर विसं २०६८ मा थप आयआर्जनका लागि कतार गए । त्यहाँ एक महिना काम गरेका उनले मासिक तलब नेपाली रु १७ हजार जति पाए ।

यति रकमले न परिवार खुसी हुने न आफू न परिवारको भविष्य नै उज्ज्वल बनाउन सकिने भएकाले नेपालमै मौरीपालन व्यवसाय गर्नसके राम्रो हुने थाहा पाएर गुरुङ विदेश पुगेको एक महिनामै स्वदेश फर्किए । विदेश जाँदा लागेको रु एक लाख ५० हजार ऋण पनि तिर्न बाँकी नै थियो ।

स्वदेश फर्कनासाथ उनले छ-सात महिना सिकर्मीकै काम गरी आएको रकमले ऋणको ब्याज तिर्नुका साथै परिवारको गुजारा पनि चलाउँदै आए । अलिअलि रकम जम्मा गर्दै रु तीन हजार पाँच सयले सुरुमा एक घार मौरीसहितको घार खरिद गरे । त्यसबेला मकैबारीमा काम गर्दैगर्दा मौरीमाथि उडेर गएकाले यस्तो उडेर जाने माहुरी किन्नुभन्दा चामल किनेको भए परिवारले खान त पाउने थिए भन्दै आफूलाई गाली गरेको गुरुङले सुनाए ।

पहिलोचोटी परिवारको गाली खाए पनि फेरि सोही रकम बराबरको अर्को एक घार



मौरीसहितको घार खरिद गरेर काम थाल्नुभएका व्यवसायी गुरुङले विसं २०६९ मा युवा लक्षित कार्यक्रमबाट रु ४० हजार अनुदान प्राप्त भएपछि सो रकमबाट मौरीसहितको गोल घार थप्दै गएको र पछि यसको संख्या बढाउँदै अहिले दुई सय ७५ जति घार करिब सात रोपनी जग्गामा फैलिसकेको जानकारी दिऐ । विसं २०७३ मा सुजिता मौरीपालन तथा घार उद्योग तथा मौरीपालन स्रोत केन्द्र दर्ता गर्नुभएका उनले मौरीपालनमात्र नभई मौरीसम्बन्धी घार बनाउने, मौरीसम्बन्धी टोपी, स्टेन, आधार चाका, फ्रेमलगायत आवश्यक सामग्रीसमेत बनाउन थाले ।

सत्र जनालाई रोजगारसमेत दिलाएका व्यवसायी गुरुङले यतिका कर्मचारीबाहेक अन्यलाई समेत रुख काट्ने कामका लागि खटाउने गरिएको बताए । उनका अनुसार मह बिक्री, मौरिसहितका घार, खाली घार, मौरीसम्बन्धी विभिन्न उपकरणका सामग्री बिक्री गरेर बर्सेनि रु तीन करोडभन्दा बढीको कारोबार हुँदै आएको छ । आठ-नौ वर्षदेखि सबै खर्च कटाएर रु २५ लाखदेखि रु ३६ लाखसम्म मुनाफा हुँदै आएको छ । प्रतिकिलो रु एघार सयमा मह बिक्री गर्दा गत वर्ष रु तीन करोड ७६ लाखबराबरको कारोबार भएकामा यस वर्ष हालसम्म रु आठ लाख कमाई भइसकेको छ ।

यहाँ उत्पादित मह लमजुङसहित काठमाडौँ, गोरखा, पोखरालगायत अन्य ठाउँमा पुग्ने गरेका र लमजुङबाहेक विगत पाँच वर्षदेखि कास्की जिल्लास्थित रुपा गाउँपालिकामा ७५ वटा र चिवतनमा ५० वटा मौरीको घारसमेत राखिएको व्यवसायी गुरुङको भनाइ थियो ।

"मौरीका लागि धेरै खटिराख्नु नपर्ने र समयअनुसार हेरचाह गरे पुग्ने भएकाले बेलाबेलामा आफैँ पुगेर हेरचाह गर्दै आएको उनले जानकारी दिए । आफूसहित श्रीमती र पढ्दै गरेका दुई छोरा तथा एक छोरीले सहयोग गर्ने गरेका छन् । व्यवसायी गुरुङले भने, "पहिला खानालाउन समस्या हुन्थ्यो, अरुसँग ऋण माग्नुपर्ने थियो, घरव्यवहार चलाउनै नसक्ने अवस्थामा थिएँ । गरिब भएकै कारण अरुले हेला गर्दथे । धेरै दःुखकष्ट व्योहोर्नुपर्यो तर अहिले धेरै राम्रो भएको छ । त्यतिबेलाको दुःख भुलेको छु । मौरी व्यवसायबाटै सफलता हुँदा यस पेसाले मेरो भाग्य नै बदलियो ।"


## नवजीवन विद्याश्रम माध्यमिक विद्यालय

लालबन्दी-२, सर्लाही

## रूख बिक्री गर्ने सम्बन्धमा

यस विद्यालयको १२ विगाहा जग्गामा रहेको तपसिल जातका रुखहरु टेण्डर मार्फत तपसिलका शर्तहरु पालना गर्ने गरी मिति २०८० फाल्गुन १३ गते ४:०० बजेको गोप्य सिलबन्दी टेण्डर डाक बढाबढ प्रक्रियाद्वारा बिक्री गरिने भएको हुँदा सर्व साधारण सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । मिति २०८० फाल्गनु १४ गते ११ बजे स्कुलको प्राङ्गनमा टेण्डर खोलिने छ ।

**सम्पर्क नम्बर** : ९८४४२४८९०५

तपसिल

| सि.नं. | जात | रुख संख्या | खडा रुखहरुको मुल्याङ्कन | |
|---|---|---|---|---|
| | | | काठको आयतन (क्यू.फी.) | दाउरा (२०'x५'x५') साईजको चट्टा |
| १. | मसला | १८०६ | २३३४.६ | ३७.६० |
| २. | खयर | ४६ | २५१.११ | ०.३० |
| ३. | सिमल | १६ | २८०.०७ | ०.६६ |
| ४. | सिसौ | २८४ | २१६५.१ | १०.६७ |
| ५. | आँप | १ | ० | ०.०१९ |

**शर्तहरू**

१. बोलपत्र बढाबढ गर्दा १० प्रतिशत धरौटी रकम राख्नुपर्नेछ ।
२. सम्पूर्ण काठ दाउराको न्यूनतम मूल्य रु. ४५,००,०००।- (पैतालिस लाख) निर्धारण गरिएको छ ।
३. साकारकर्ताले रुख कटान गर्दा नेपाल सरकारलाई बुझाउने पर्ने कर, रोयल्टी, मु.अ.कर तथा सम्पूर्ण लाग्ने खर्च साकार कर्ता स्वयम्ले तिर्नु बुझाउनुपर्नेछ ।
४. ठेकेदारले ठेक्का साकार गरेको मितिले ७ दिन भित्र समितिको निर्णय अनुसार तोकिएको रकम विद्यालयको खातामा वा नगद दाखिला गर्नुपर्नेछ, उक्त समयमा रकम दाखिला नगरेमा पहिलो व्यक्तिको धरौटी रकम जफत गरी दोश्रो, तेश्रो व्यक्तिलाई कानून अनुसार चलन पुर्जी दिईनेछ ।
५. रुख बिक्री सदर वा बदर गर्ने सम्पूर्ण अधिकार विद्यालयमा नै निहित रहनेछ ।

प्रधानाध्यापक

# छिट्टै प्रदेश प्रहरी समायोजन हुनेः उपप्रधान तथा गृहमन्त्री

**टुडे समाचारदाता**

जनकपुरधाम । उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले भ्रष्टाचार र कुशासनले मुलुकको समृद्धिले गति लिन नसकेको बताएका छन् ।



बर्दिबासमा बिहीबार आधारशीलाको २१ औँ वार्षिकोत्सवको अवसरमा आयोजना गरिएको कार्यक्रममा बोल्दै गृहमन्त्री श्रेष्ठले आर्थिक समृद्धिलाई आधार बनाएर सरकारले काम गरिरहेको बताए ।

भ्रष्टाचारलाई प्रभावकारी ढंगले नियन्त्रण नगरे विकास र समृद्धिको परिकल्पना गर्न नसकिने बताउँदै गृहमन्त्री श्रेष्ठले सरकारले यसका लागि क्रमिकरुपमा नतिजासमेत देखाइरहेको दाबी गरे ।

उपप्रधान तथा गृहमन्त्री श्रेष्ठले भने- 'गृहमन्त्रालय सम्हालेकै दिन पञ्चायतकालदेखि खाइपाइ आइरहेको गृहमन्त्रीको सेवासुविधा पनि खारेज गरेँ, उनले अघि थप्दैँ भने- 'शरणार्थी प्रकरणदेखि बाँसबारी छालाजुत्तासम्म आइपुग्दा सरकारले अडिग भएर निर्धक्कतापूर्वक काम गरिरहेको छ ।'

जनताले सरकारलाई बेलाबखत खबरदारी गरिरहेकै कारण सरकारमा आत्मबल सञ्चार भएको हुनाले पैसावाला, राजनीतिमा पहुँच भएकाहरूले सरकारको कामको विरुद्ध खबरदारी गर्ने गरेको उनको भनाइ थियो ।

उनले सामन्तवादको निकृष्ट सोचकै कारण मिटरव्याजी मौलाएको र यसलाई नियन्त्रण गर्न सरकार दृढतापूर्वक लागिपरेको बताए ।

गृहमन्त्री श्रेष्ठले ५ हजारभन्दा बढी पीडितहरुलाई अहिलेसम्म न्याय दिलाइसकेको बताउँदै सुशासन स्थापनामा सरकारले अभियान नै संचालन गरेको बताए ।

अहिले मिटरव्याजी पीडितहरुले गरेको आन्दोलनप्रति संकेत गर्दै गृहमन्त्री श्रेष्ठले आन्दोलनले सरकारलाई सहयोग भए तापनि गलत ढंगले त्यसलाई प्रयोग गर्न नहुने सुझाए । विभिन्न तरिकाले जालसाजी गरी राज्यलाई ठग्नेविरुद्ध सरकाले कारबाही अगाडि बढाएकाले यस प्रक्रियाअन्तर्गत बाँसबारी छालाजुत्तामा संग्लनहरुको छानबिन भइरहेको समेत उनले बताए ।

त्यसैगरी उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले संघीय सरकार प्रदेश प्रहरी समायोजनको प्रक्रियामा रहेको बताएका छन् ।

बर्दिबासमा धनुषा-महोत्तरीका प्रमुख जिल्ला अधिकारी, सुरक्षानिकायका अधिकारी तथा राष्ट्रिय अनुसन्धान विभाग मधेश प्रदेशका प्रमुखहरूलाई संयुक्तरुपमा निर्देशन दिँदै गृहमन्त्री श्रेष्ठले छिट्टै नै प्रदेश प्रहरी समायोजन हुने बताए ।

उनले धार्मिक विषयमा सहिष्णु हुन तर सद्भाव भड्कन नदिन र साम्प्रदायिक गतिविधिलाई प्रशासनिक बिधिबाटै नियन्त्रण गर्न सुरक्षानिकायका अधिकारीहरुलाई निर्देशन दिए ।

सीमामा राजस्व चुहावट नियन्त्रण गर्न, राजस्व बढाउन, अवैध कारोबार नियन्त्रण गर्न र क्रस बोर्डर क्राइम रोक्न बोर्डर पोस्ट थप्ने गृहकार्यमा सरकार रहेको गृहमन्त्री श्रेष्ठले बताए । मिटरब्याजीको नाममा कुनै बिचौलिया देखिए ध्यान दिएर कारबाही गर्न समेत उनले निर्देशन दिए ।

सरोकारवालाहरुको रिपोर्टिङ सुनेपछि गृहमन्त्री श्रेष्ठले लागूऔषध नियन्त्रण तथा कारोबारीलाई कडा कारबाही गर्न, त्यसविरुद्ध युवाहरूबीच सचेतना कार्यक्रम गर्न, सुधार केन्द्रहरू बनाउन र यी सबै योजनामा प्रदेश र पालिका सरकारसंग समन्वय गरेर काम गर्न निर्देशन दिए ।

# 'गठबन्धनको सरकारबाट देशको विकास असम्भव'

**टुडे समाचारदाता**

रौतहट । नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले आफ्नो पार्टीको बहुमत सरकारले मात्र देश विकास गर्न सक्ने बताएका छन् ।



एमाले रौतहटको १० औँ जिल्ला अधिवेशनको बिहीबार गरुडाको श्रीराम सुगरमिलको मैदानमा आयोजित उद्घाटनसत्रमा पूर्व प्रधानमन्त्रीसमेत रहेका अध्यक्ष ओलीले गठबन्धनको सरकारबाट देशको विकास सम्भव नरहेको बताए । उनले मिसन २०८४ लाई ध्यानमा राख्दै पार्टीको आन्तरिक एकता कायम गरेर, पार्टीको संगठन विस्तार गरेर पार्टीको नेता तथा कार्यकर्ताहरू जनताको माझमा जान आग्रह गरे ।

उनले जनतालाई विभिन्न तत्वले भ्रमित पार्न सक्ने भएकाले त्यस्ता भ्रमबाट मुक्त गरेर जनताको इच्छा आकांक्षा पूरा गरी 'समृद्ध नेपाल सुखी नेपाली'को लक्ष्य पूरा गर्नतर्फ कार्यकर्तालाई काम गर्न निर्देशन दिए ।

अध्यक्ष ओलीले आफ्नै पूर्वसहकर्मी माधवकुमार नेपालको आलोचना गर्दै उनले अर्को चुनावमा माधव नेपालको राजनीति समाप्त हुने जिकिर गरे ।

उनले भने, 'आफ्नो घर भत्काएर गठबन्धन मेरो घर हो भन्दै हिँडेका माधव नेपाललाई गठबन्धनले उपेक्षा गरेर घरका न घाटका बनाएका छन्', अध्यक्ष ओलीले अघि थप्दैँ भने, 'पार्टी विरोधी, सुशासनविरोधी तथा भ्रष्ट तत्वहरुको मतियार भएर तिनको सहयोगी भएर तिनको पछि पछि हिँडेका कारण माधव नेपालको यस्तो गति भएको हो ।'

पूर्वअध्यक्ष नेपालप्रति इंगित गर्दै एमालेले १५ वर्षसम्म पार्टी प्रमुख बनाएका व्यक्तिले पार्टीकै सरकार ढालेर कांग्रेसको सरकार बनाउन सहयोग गरेको भन्दै ओलीले आलोचना गरे ।

उनले भने, 'नेकपा एमालेले १५ वर्ष पार्टीको प्रमुख बनायो, प्रधानमन्त्री बनायो तर उनले दुई तिहाइको अवस्थामा पुगेको पार्टीको सरकार ढालेर कांग्रेसको पाउमा लगेर सरकार बुझाउने व्यक्ति माधव नेपाल हुन् ।'

सत्ता गठबन्धनका कारण देशको दुर्दशा भएको भन्दै उनले सरकारका कारण विकासका आयोजनाहरुले गति लिन नसकेको आरोप लगाए ।

एमाले सरकारमा हुँदा थालिएका विकास निर्माणका आयोजनालाई ठप्प पारेको अहिलेको गठबन्धनको सरकारले कुनै नयाँ काम नगरेकोमा बताउँदै अध्यक्ष ओलीले अरूलाई रिझाउने होइन, नेपाललाई आवश्यक पर्ने सबै योजना सञ्चालनमा ल्याउनुपर्ने बताए ।

कार्यक्रमस्थल श्रीराम सुगर मिल्स सञ्चालनका लागि आफू प्रधानमन्त्रीसँग कुरा गरेर यहाँ बन्द रहेका उद्योग कलकारखानालाई सञ्चालनमा ल्याइ सयौँ बेरोजगार युवालाई रोजगारीको व्यवस्थापन गराउने स्पष्ट पार्दै अध्यक्ष ओलीले आफ्नो नेतृत्वको सरकारको समयमा वैदेशिक रोजगारीमा जानेको संख्यालाई घटाएको दाबी गरे।

उद्घाटन सत्रमा एमालेका सचिव योगेश भट्टराई, पोलिटब्युरो सदस्यसमेत रहेका कोशी प्रदेश प्रमुख रघुवीर महासेठ, पोलिटब्युरो सदस्य ज्वाला साह, केन्द्रीय सदस्य अजयकुमार गुप्ता, पूर्व सांसद रेखा झालगायतकाले जिल्ला अधिवेशन सफलताको शुभकामना दिएका थिए ।

# १९ दिन पछि जनमतले खोल्यो विश्वविद्यालयको ताला

**टुडे समाचारदाता**

राजविराज । मधेश प्रदेश कृषि विश्व विद्यालयमा जनमत पार्टीद्वारा लगाइएको ताला १९ दिन पछि खोलिएको छ ।



दुईदिन लगातार बसेको सर्वदलीय बैठकमा सहमति जुटेपछि विश्वविद्यालयमा माघ ७ गते सात बुंदे मागसहित जनमत पार्टीका नेता कार्यकर्ताद्वारा लगाइएको ताला खोलिएको छ ।

विभिन्न राजनीतिक दलका प्रतिनिधि, विश्वविद्यालयका पदाधिकारी तथा सुरक्षानिकायका प्रमुखहरुको उपस्थितिमा जनमत पार्टीका जिल्ला इन्चार्ज रामगमन साहले विश्वविद्यालयको मूल गेटमा लगाइएको ताला खोलेका छन् । उनकै अगुवाइमा माघ ७ गते सात बुंदे माग अघि सार्दै तालाबन्दी गरिएको थियो ।

विश्वविद्यालयमा दलीय आतंक बन्द गर्नुपर्ने, अवैधानिक कार्य रोक्नु पर्ने, विश्वविद्यालयमा भएको अनियमितताको छानविन गर्नुपर्ने, परीक्षाबोर्ड गठन विनै लिएको परीक्षाको छानविन हुनुपर्ने, नियुक्तिमा राजनीतिकरण रोक्नुपर्नेलगायतका माग राखेर जनमत पार्टीले तालाबन्दी गरेको थियो । तालाबन्दीले विश्वविद्यालयको शैक्षिक गतिविधि ठप्प हुनुका साथै दैनिक कामकाजसमेत प्रभावित हुन पुगेको भन्दै दुईदिन अघि रजिष्ट्रार डा.भगवान ठाकुरले गरेको अनुरोधपछि सम्वाद र छलफल मार्फत समस्याको समाधान भएको हो ।

# कानून व्यवसायीहरुद्वारा शान्ति सुरक्षाको माग

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल बार एशोसिएशन जनकपुरका पूर्व अध्यक्ष रमेशकुमार पाण्डेयमाथि भएको दुर्व्यवहार तथा हातपातप्रति गम्भीर ध्यानाकर्षण भएको जनाउँदै तत्काल अमर्यादित, अवाञ्छित र उच्छृंखल व्यक्तिहरुलाई पक्राउ गरि कारबाही गर्न माग गरेको छ ।

नेपाल बार एशोसिएशन जनकपुरका अध्यक्ष बलराम सुवेदी र सचिव विजय कुमार ठाकुरले संयुक्तरुपमा विज्ञप्ति जारी गर्दै पूर्वअध्यक्ष पाण्डेयको ल फर्मको कार्यालयमा जबर्जस्ती प्रवेश गरी हुलहुज्जत, गालीगलौज, हातपातजस्ता क्रियाकलापले स्वतन्त्रतापूर्वक कानुन व्यवसाय गर्न पाउने अधिकारमाथि आघात पुगेको जनाएको छ ।

पूर्व अध्यक्ष कानुन व्यवसायी पाण्डेय बार एसोसिएशन भवनमा रहेको आफ्नो ल फर्ममा केही उच्छृंखल व्यक्तिहरुको समूहले फर्ममा जबर्जस्ती प्रवेश गरी हुल हुज्जत, गाली गलौज र हातपात गरी कानुन व्यवसायीको मर्यादामा आँच आएकोले उनीहरुको पहिचान गर्दै तत्काल पक्राउ गरी कारवाही गर्न माग गर्दै शान्ति सुरक्षाको अनुभूति गराउनसमेत माग गरेका छन् ।

अध्यक्ष सुवेदीले कानुन व्यवसायी र व्यवसायीहरुको ल फर्मको आवश्यक सुरक्षाको उचित प्रबन्ध गरी कानुनी कारबाही नभएमा आन्दोलनका थप कार्यक्रमहरु सार्वजनिक गर्न बाध्य हुने चेतावनीसमेत दिएका छन् ।

# नक्कली नोटसहित पाँच पक्राँउ

**टुडे समाचारदाता**

बारा । नक्कली नेपाली नोट कारोबार गर्ने गिरोहका नाइकेसहित पक्राउ गरेका पाँचजनालाई बारा प्रहरीले सार्वजनिक गरेको छ । जिल्ला प्रहरी कार्यालयमा पत्रकार सम्मेलन गरी आरोपिहरुलाई सार्वजनिक गरेको छ ।



पक्राउ पर्नेमा जिल्ला सर्लाही चन्द्रनगर गाउँपालिका-३ बस्ने वर्ष ४४ का रामचन्द्र महतो कोइरी, जिल्ला बारा परवानीपुर गाउँपालिका-५ बस्ने सुमित साह, सोही ठाउँ बस्ने सन्तोष पटेल, जिल्ला पर्सा वीरगञ्ज महानगरपालिका-१० बस्ने विशालकुमार श्रीवास्तव र निजको सालो सोही ठाउँ बस्ने नीरज श्रीवास्तव रहेको बारा प्रहरीका प्रहरी प्रवक्ता दधिराम न्यौपानेले जानकारी दिए ।

जीतपुर सिमरा उपमहानगरपालिका-७ जीतपुर बजारमा नक्कली नोटको कारोबार भइरहेको सूचनाका आधारमा तत्कालै प्रहरीको टोली परिचालन गरी एकजनालाई नक्कली नोटसहित पक्राउ गरेपछि निजको वयानका आधारमा जिल्लाको विभिन्न ठाउँ र अन्य ठाउँबाट गरी चार जनालाई पक्राउ गरिएको प्रहरी उपरीक्षक सुरेश काफ्लेले बताए ।

पक्राउ परेका आरोपिबाट ६१ हजार नक्कली नेपाली नोट, भारतीय सिमकार्डसहित सात थान मोबाइलसमेत बरामद गरिएको प्रहरी प्रवक्ता न्यौपानेले बताए । पाँच तहमा नक्कली नोटको कारोबार भइरहेको जानकारी भएपछि प्रथम, दोस्रो, तेस्रो र चौथो तहसम्मका व्यक्तिलाई यो नक्कली नोट प्रकरणमा पक्राउ गर्न सफल भएको र चाँडै नै पाँचौं तहका व्यक्तिलाई पक्राउ गर्ने प्रहरी उपरीक्षक काफ्लेले बताए ।

तीन लाख नक्कली नेपाली नोट लिनका लागि एक लाख सक्कली नेपाली नोट दिनुपर्ने पक्राउ परेका व्यक्तिको अनुसन्धानबाट खुल्न आएको प्रहरी उपरीक्षक काफ्लेले बताए । नक्कली नोट कारोबार गरेबापतमा पाँच प्रतिशतसम्मको कमिसन दिने गरेको अनुसन्धानबाट खुल्न आएको उनले बताए । नक्कली नोटको कारोबार गर्ने व्यक्ति खासगरी भीडभाड, किराना पसल, मासु पसल, तरकारी बजार, गाउँघरमा भैंसी, खसी खरिद गर्ने, ज्याला मजदुरी दिने काममा नक्कली पैसा प्रयोग गर्ने गरेको उनले बताए ।

भारतमा नक्कली रुपैयाँ छापेर नेपालको विभिन्न सीमावर्ती क्षेत्रमा कारोबार गर्ने गरेको हुँदा भारतीय प्रहरीहरूसंग पनि समन्वय, सहकार्य गरेर पैसा छाप्ने सञ्जालसम्म पुग्ने उपरीक्षक काफ्लेले दाबी गरे ।

वीरगञ्जमहानगरपालिका-१० बस्ने विशालकुमार श्रीवास्तव नक्कली नेपाली नोटलाई नेपालमा साटासाट गर्ने गराउने नाइकेको रूपमा काम गर्दै आएको प्रहरी उपरीक्षक काफ्लेले बताए ।

# सिमसार क्षेत्र अतिक्रमणको चपेटामा

**टुडे समाचारदाता**

मलंगवा । पछिल्लो समय सर्लाहीका सिमसार क्षेत्र अतिक्रमणको चपेटामा पर्न थालेका छन् ।



पृथ्वी, मानव, जलचर जीव र वन्यजन्तुका लागि महत्वपूर्ण मानिने सिमसार क्षेत्र चरम् दोहन र मानव हस्तक्षेपले गर्दा मासिन थालेका छन् । यहाँका तालतलैया र सिमसार क्षेत्रको अवस्था दिनानुदिन नाजुक बन्दै गएकोप्रति संरक्षणकर्मीले चिन्ता व्यक्त गरेका छन् ।

प्राकृतिक वा मानव निर्मित ताल, पोखरी, जलाशय, खोला, नदी र नदीबाट प्रभावित हुने भूमिलाई सिमसार क्षेत्र मानिन्छ । डिभिजन वन कार्यालय सर्लाहीको तथ्यांक अनुसार जिल्लामा सिमसार क्षेत्रका रुपमा खोलानाला एक हजार ४०६ हेक्टर र पोखरी तथा ताल ४२२ हेक्टर रहेका छन् ।

यसमा बागमती नगरपालिकामा १२१ बिघामा निर्माणाधीन बागमती माछा पोखरी (भरत ताल) समावेश गरिएको छैन । जिल्लाका खोलानालामध्ये बरहथवास्थित सोती खोला र मनुष्मारा खोलामा मात्रै प्रायः पानी बग्ने गरेको छ ।

यहाँका अन्य खोलानाला भने वर्षायाममा बाहेक छिट्टै सुक्न थालेका छन् । डिभिजन वन कार्यालय सर्लाहीका सहायक वन अधिकृत सजन चौधरीले जिल्लाका सिमसार क्षेत्रको अवस्था दयनीय बन्दै गएको बताए ।

उनले यहाँका खोलानाला बेलैमा सुक्ने र विभिन्न पानी रसाइ रहने जरुवा क्षेत्र अतिक्रमणको चपेटामा परेका बताए । "अहिले अधिकांश सिमसार क्षेत्र स्थानीय तहको मातहतमा पर्छन्, तिनको संरक्षण गर्ने प्रमुख दायित्व पालिकाकै हो," सहायक वन अधिकृत चौधरीले भने, "तर संरक्षणको साटो अधिकांश सिमसार क्षेत्रमा दोहन बढेको पाइन्छ ।"

सिमसार क्षेत्रमा अतिक्रमण र मानव हस्तक्षेप बढ्नु चिन्ताको विषय रहेको उनको भनाइ छ। सिमसार क्षेत्र मासेर सडक तथा विभिन्न संरचना निर्माण गर्ने, माछापालनका लागि प्राकृतिक ताल सुकाउने, जथाभावी खन्नेलगायत समस्या बढी देखिएका छन् ।

सर्लाहीमा प्रमुख सिमसार क्षेत्रको रुपमा रहेको चन्द्रनगर गाउँपालिकास्थित नाढीमन ताल केही महिनादेखि सुकाएर सुक्खा बनाइएको छ । गाउँपालिका अध्यक्ष राजकुमार महतोले ताल सरसफाई तथा संरक्षणकै काम गर्नका लागि पानी सुकाइएको दाबी गरेका छन् ।

सिमसारमाथि चराचुरुंगी, जलीय प्राणी र जीवजन्तु मात्रै नभइ मानव अस्तित्व समेत निर्भर रहन्छ । ताल तलैयामा मानव हस्तक्षेप बढेर असर पुग्दा रैथाने प्रजातिका बोटविरुवा तथा चराचुरुंगी हराउँदै गएका स्थानीयको भनाइ छ ।

# विद्यालय सुधारका लागि जाँगर देखाउँदै अभिभावक

**टुडे समाचारदाता**

राजविराज । झण्डै एक वर्षदेखि व्यवस्थापन समिति गठन तथा आय-व्यय सार्वजनिक नगरिएको भन्दै तिलाठी कोइलाडी गाउँपालिका ७ बभनगामा कट्टीस्थित श्रीलक्ष्मी बल्लब नरसिङ माध्यमिक विद्यालयमा सम्बन्धित निकायले आवश्यक पहल गर्नुपर्ने माग अभिभावकहरुले गरेका छन् ।



२००६ सालमा स्थापना गरिएको उक्त विद्यालयमा देखिएको समस्या समाधान तथा व्यवस्थापन समिति गठनको विषयमा बिहीबार आयोजना गरिएको अभिभावक, दाता, जनप्रतिनिधि तथा स्थानीय बुद्धिजीविहरुको बृहत्त भेलामा अभिभावहरुले माग गरेका हुन् ।

भेलामा सहभागीहरुले गौरवमय इतिहास बोकेको विद्यालयले उचित व्यवस्थापनको अभावमा विभिन्न समस्या झेलिरहेको भन्दै तत्काल समस्याको समाधान तथा व्यवस्थापन समितिको गठन हुनु पर्ने आवश्यकता औल्याएँ ।

भेलामा सोही विद्यालयका पूर्व विद्यार्थी समाजसेवी विनयप्रताप सिंह गुडुले विद्यालयमा देखिएका समस्याप्रति चिन्ता व्यक्त गर्दै समाधानका लागि तत्काल व्यवस्थापन समितिको गठन तथा हालसम्मको आय-व्यय, शैक्षिक गतिविधि र अवस्था सार्वजनिक गर्नुपर्ने माग गरे ।

उनले लामो समयदेखि अभिभावकत्व गुमाउँदा विद्यालयको छात्रवृत्ति, दिवाखाजा, प्रशासनिक र आर्थिक कामकाज, जग्गाजमिन, कर्मचारी तथा शिक्षक नियुक्ति, शुल्क निर्धारणलगायतका सबै क्षेत्र अस्तव्यस्त बन्नुका साथै अध्ययन, अध्यापन कार्यसमेत प्रभावित भएको बताउँदै यसको निकासका लागि विद्यालय प्रशासनले समयमै सक्रियाता देखाउन नसकेको आरोप लगाए ।

अभिभावक जीवछ यादवले विद्यालयको शैक्षिक स्तर उकास्न तथा दयनीय अवस्थाबाट पार लगाउनु पहिला भित्रैबाट सुधार थाल्नु पर्ने बताए । "कहाँ कहाँ त्रुटि भएको छ, त्यहाँ परिवर्तन र सुधार गरौं, उनले भने, त्यसपछि निर्वाचन प्रक्रियाबाट योग्य र सक्षम व्यक्तिलाई व्यवस्थापनको जिम्मा दिए आफै सुधार हुँदै जाने छ ।"

विद्यालयका प्रधानाध्यापक विपिन झाले विद्यालयमा सुधारका लागि आफूले निकै पहल गरेको दाबी गर्दै सबैको साथ र सहयोग भने पाउन नसकेको लाचारी व्यक्त गरे । विद्यालय व्यवस्थापन समितिको गठन सर्वसम्मतिले गर्दा उपयुक्त हुने ठानेर निकै प्रयास गरे पनि सफल नहुँदा गठनमा ढिलाइ भएको उनले बताए । एक पक्षले निर्वाचनमै जानु पर्छ, भनिरहेका छन्, उनले भने, "अब भेलाले जे निर्णय गर्छ सोही अनुसार आफू अघि बढेर छिटै समाधान खोजिने छ ।"

विद्यालयका निरीक्षक कृष्णकुमार यादवको अध्यक्षता तथा वडा अध्यक्ष हरिनारायण मण्डलको प्रमुख आतिथ्यमा भएको भेलामा नरेन्द्र सिंह, अम्बुज सिंह, बेदानन्द मण्डललगायतले पनि धारणा राखेका थिए ।

आवश्यकता
जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा तपसिल बमोजिमको कर्मचारी आवश्यकता भएको हुँदा ईच्छुक महानुभावहरुले बायोडाटा सहित जनकपुर टुडेको कार्यालयमा सम्पर्क गर्नु हुन जानकारी गराईन्छ ।
कम्प्युटर अपरेटर - १ (एक) जना
सम्पर्क
जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.
जनकपुरधाम, धनुषा
सम्पर्क नं. : ९८०१६२६०२६, ९८५४०२६०२५

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८